प्रतिदिन १८ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर !
लगइन गर्नुहोस
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१८ ।। अङ्क : ०२६ ॥ २०८२ फागुन १३ गते बुधबार (25th Feb 2026 Wednesday) | Pratidin National Daily | मूल्य-रु.५/-

## पूर्व सभामुखमाथि खनिए रवि
# कुन मुखले भोट माग्नुहुन्छ ?

झापा, फागुन १२ । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने पूर्व सभामुख देवराज घिमिरेमाथि खनिएका छन् । झापा २ मा एमालेका तर्फबाट उम्मेदवार बनेका घिमिरेलाई विर्तामोडमा आएर सभापति लामिछानेले भोट मागे नैतिकता गुमाइसकेको टिप्पणी गरेका हुन् । संसदमा नेपाली जनताको आवाज उठाउँदै गर्दा सभामुख घिमिरेले माइक काटेको भन्दै बिर्तामोडमा आयोजित सक्षिप्त सभामा लामिछानेले पटक पटक भने,' कुन मुखले भोट माग्नुहुन्छ ?

भिजिट भिसामा लाखौं रुपैयाँ ठगेनलाई कारवाही गर्नका लागि आयोग र छानबिन समिति बनाउन माग गर्दा सभामुख घिमिरेले माइक काटिदिएको लामिछानेले बताए । ' हामीले नेपाली जनताको आवाज उठाउँदै गर्दा सभामुखले २१ जना सांसदलाई गलहत्याएर निकाल्नु भयो ' उनले भने,' मुद्धाको किनारा नलागेसम्म उसको सांसद पद निलम्बन हुँदैन भनेर संसद नियमावलीमा उल्लेख भइहँदा बाको आदेश मानेर मलाई दुई घण्टामा गलहत्याउनु भयो । ' उनले घिमिरेले आफूलाई संसदबाट निकालेपनि जनताको मनबाट निकाल्न नसकेको बताए । घिमिरेलाई सभामुख पदमा निर्वाचित गराउन आफूले पनि हस्ताक्षर गरेको स्मरण गर्दै लामिछानेले दलको रबर स्टाम्पलाई निर्वाचित गराएकोमा खेद प्रकट गर्दै आत्मालोचना गरे । लामिछानेले समाजसेवामा समर्पित



पूर्व उपसभामुख इन्दिरा राना मगरलाई मानव तस्करको आरोप लगाएर 'पाप' गर्नेहरुलाई फागुन २१ गते जनताले सजाय दिने चेतावनी दिए ।

सभापति लामिछानेको सो अभिव्यक्तिको पूर्व सभामुख घिमिरेले खण्डन गरेका छन् । उनले लामिछानेले 'जनताको आवाज उठाउँदा माइक काट्ने सभामुख'भनेर आफूविरुद्ध घृणा फैलाउने काम गरेको आरोप लगाए । लोकतान्त्रिक अभ्यासमा उम्मेदवार वा दलले आफ्नो कार्यक्रम, योजना र जनताका लागि आफ्ना एजेन्डाहरू प्रस्तुत गर्नुपर्नेमा घृणा, व्यक्तिगत आरोप वा विभाजन फैलाउने कुरा चुनावी प्रतिस्पर्धामा लामो समयसम्म नटिक्ने उनले सामाजिक संजालमा उल्लेख गरेका छन् । 'जहाँसम्म संसदमा हरेक सदस्यले आफ्नो अभिव्यक्ति गर्ने अधिकार छ । तर, संसदीय अभ्यास अनुसार सबै वक्ताहरूको वक्तव्यलाई समान अवसर दिन र क्रमिक रूपमा छलफल सम्पन्न गर्न समय निर्धारण हुन्छ ।माइक काट्ने/काटिने विषय सभामुखको व्यक्तिगत विचारले होइन, संसदमा पूर्वनिर्धारित समय र नियमावली अनुसार गरिएको हुन्छ ' उनले भनेका छन्,' संसदीय अभ्यासको सामान्य जानकारी हुनेले यति कुरा नबुझ्ने भन्ने हुँदैन । उहाँले संसदको अभ्यास गरेर आउनुभएको व्यक्ति हो ।संसदको वेबसाइटमा गएर हेर्न सकिन्छ मैले मात्र होइन उपसभामुख वा सभाको चेयर गरिरहेका अन्य माननीय भएका बेलामा पनि माइक काटिएको छ । अझ बढी काटिएको हुनुपर्दछ ।'

घिमिरेले जवाफ दिँदै प्रतिप्रश्न गरेका छन् ' आफू निर्वाचित भएपछि सांसद पदमा बहाल रहन सक्ने कानूनी आधारसमेत नभएको अवस्थामा कुन मुखले मत मागिरहनु भएको छ ?' आफू आक्षेप र आफू माथि देखिन अरुलाई अपराधी देख्ने प्रवृत्तिको पक्षमा नरहेको बताउँदै घिमिरेले आफूमाथि प्रतिशोध भएको भन्दै जनतालाई भावनामा बहकाउँदै अरुविरुद्ध अफवाह, घृणा र लान्छना नलगाउन अपिल गरेका छन् ।

# अमेरिकामा एक नेपालीले गरे श्रीमती र छोरीको हत्या

अमेरिका । अमेरिकाको भर्जिनिया राज्यमा एक नेपाली परिवारमा विभत्स हत्याकाण्ड भएको छ । स्थानीय समयअनुसार फेब्रुअरी २४ सोमबार बिहान करिब ५:१५ बजे भर्जिनियाको फेयरफ्याक्स काउन्टीको मान्तुवामा एक नेपालीले आफ्नै श्रीमती र छोरीको हत्या गरेका छन् । गत वर्ष २०२५ नोभेम्बर १२ मा ग्रिनकार्ड (स्थायी बसोबास प्रमाणपत्र) प्राप्त भएपछि भर्जिनियाको फेयरफ्याक्सस्थित छोरीको घरमा बस्दै आएका ५० वर्षीय छत्रबहादुर थापाले आफ्नी छोरी र श्रीमतीको हत्या गरेका हुन् । छत्रबहादुरले १० इन्च लामो धारिलो हतियार (दाउ) प्रहार गरेर आफ्नी ५१ वर्षीया श्रीमती बिन्दा थापा र ३१ वर्षीया छोरी ममता थापाको हत्या गरेको फियरफ्याक्स काउन्टी पुलिस डिपार्टमेन्टले जनाएको छ । फियरफ्याक्स प्रहरी प्रमुख केभिन डेभिसले घटनाबारे जानकारी दिँदै हत्यामा संलग्न रहेका आरोपी छत्रबहादुर पनि प्रहरी कारवाहीमा मारिएको बताएका छन् । यसैगरी घटनामा छत्रबहादुरले आफ्नो ज्वाइँ सन्तोषकुमार बस्नेतमाथि पनि हतियार प्रहार गरेका थिए । ३५ वर्षीय सन्तोषकुमार हतियार प्रहारपछि गम्भीर घाइते भएका थिए । प्रहरीका अनुसार गम्भीर घाइते सन्तोषको हाल उपचार भइरहेको छ । उनी नेपालमा हुँदा विराटनगर निवासी थिए । घटनामा एक वर्षीय बालक बच्न सफल भएका छन् । प्रहरीले हालसम्म बालकको विवरण खुलाएको छैन । बालक ममता र सन्तोषका छोरा हुन् । प्रहरीका अनुसार बालकको अवस्था सकुशल रहेको र प्रहरीले उनलाई सुरक्षित अवस्थामा बालबालिका स्याहार केन्द्र (चाइल्ड केयर)लाई




बुझाइसकेको छ । नेपालमा उदयपुर जिल्लाको बेलका नगरपालिकास्थित रामपुर घर भएका छत्रबहादुर मानसिक रोगसम्बन्धी समस्यामा थिए । उनले लामो समयदेखि मानसिक रोगसम्बन्धी औषधिसमेत सेवन गर्दै आएको बुझिएको छ । 'घटनालगत्तै घटनास्थलमा प्रहरी पुग्दा हत्यामा संलग्नमा रहेका व्यक्तिको हातमा रक्ताम्य धारिलो हतियार देखिएको र हतियार भुईंमा बिसाउन आग्रह गर्दा अटेर गरेपछि प्रहरी कारवाहीमा गोली लागेर उनको मृत्यु भएको छ,' फियरफ्याक्स प्रहरी प्रमुख डेभिसले भने 'हामीले यस्तो घटनाको सामना गर्नु परेको थिएन, यो बिर्सने नसकिने घटना हो । हामी यो घटनाबारे गम्भीर छौं । यो घटनाबारे तीव्र अनुसन्धान अघि बढाइने छ ।' घटनापछि फियरफ्याक्स प्रहरीले आफन्तबारे खोजी गरिरहेको छ । घटनाबारे राजधानी वासिङ्टन डीसीस्थित नेपाली दूतावासले समेत चासो दिएको छ । घटनालगत्तै दूतावासले आफन्तलाई सम्पर्कमा आउनसमेत आग्रह गरेको छ । घटनापछि आफन्तको खोजीका लागि दूतावासले अमेरिकामा रहेका नेपाली समुदायसँग सम्बन्धित संस्थासँगै समन्वय गरिएको दूतावासको अधिकृत जुना अधिकारीले बताइन् । कान्तिपुरसँग कुरा गर्दै अधिकारीले आफन्तको खोजी भइरहेको र घटनाबारे छिटोभन्दा छिटो आफन्तलाई आधिकारिक जानकारी दिने प्रयास गरिरहेको प्रतिक्रिया दिइन् । एक वर्षको अन्तरालमा अमेरिकामा नेपाली परिवारमा घटेको यो दोस्रो घटना हो । यसअघि गतवर्ष अगस्टमा टेक्सास राज्यको डालस सहरमा एक नेपाली पुरुषले आफ्नै श्रीमती र छोराको गोली प्रहार गरेर हत्यापछि आफूले आत्महत्या गरेका थिए । ५३ वर्षीय ललित प्रधानले आफ्नी ३७ वर्षीया पत्नी रञ्जना श्रेष्ठ र तीन वर्षीय छोरा प्रनिश प्रधानलाई गोली प्रहार गरेर हत्या गरेका थिए । ललितले पत्नी र छोरालाई गोली हानी हत्या गरेपछि सोही पेस्तोल प्रयोग गरेर आफूमाथि पनि गोली प्रहार गरी आत्महत्या गरेको प्रहरीले जनाएको थियो । यस्तै, २०८१ भदौमा नरेश भट्टले श्रीमती ममता काफ्लेको हत्या गरी शव लुकाएको प्रहरीले पुष्टि गरेको थियो ।

# सरिता प्रसाईलाई हत्यारा पार्टीको उम्मेदवार भनेपछि......

झापा,फागुन १२ । फागुन २१ को निर्वाचनलाई लक्षित गरी आयोजना गरिएको पब्लिक डिबेटमा फेरि विवाद भएको छ । सोमवार बिर्तामोड झापा क्षेत्र



नं २ का उम्मेदवारहरुबिच प्रत्यक्ष संवाद आयोजना गरिएको थियो । बिर्तामोडको अतिथि सदनको सभाहलमा वीरता जेसीज, सुरुक्षा जेसीज , बुधवारे जेसीज , अर्जुनधारा जेसीजको संयुक्त आयोजनामा भएको बहसमा झापा क्षेत्र न २ प्रत्यक्ष उम्मेदवारहरु नेपाली काँग्रेसकी सरिता प्रसाई , राष्ट्रिय स्वतन्त्र पार्टीकी इन्दिरा राना मगर , नेपाली कम्युनिस्ट पार्टीकी धर्मशिला चापागाईं , राष्ट्रिय प्रजातन्त्र पार्टीका भद्रप्रसाद नेपाल , स्वतन्त्र उम्मेदवार युवराज संग्रौला,उज्यालो नेपाल पार्टीका चुडा कर्ण बेघा , नेपाल कम्युनिस्ट पार्टी ( माओवादी ) का अर्जुनकुमार पाण्डे सहभागी भएका थिए ।

बहसका क्रममा राष्ट्रिय स्वतन्त्र पार्टीका बिर्तामोड नगर सचिव सृजन अधिकारीले कांग्रेस उम्मेदवार सरिता प्रसाईलाई जेनजीहरुलाई हत्या गर्ने हत्यारा पार्टीको उम्मेदवार भनेपछि विवाद भएको हो । अधिकारीको त्यस्तो अभिव्यक्तिप्रति कांग्रेस कार्यकर्ताहरुले कडा प्रतिवाद गरेका थिए । कांग्रेस कार्यकर्तासँग केहीबेर भनाभन भएपछि कार्यक्रम नै भाडिएको थियो । त्यसबीचमा रास्वपाकी उम्मेदवार मगर र राप्रपा उम्मेदवार नेपाल कार्यक्रम छाडेर बाहिरिएका थिए ।

होहल्ला भएपछि थप सुरक्षाकर्मी मगाइएको थियो । इलाका प्रहरी कार्यालय बिर्तामोडबाट प्रहरी नायव उपरीक्षक विजय श्रेष्ठको कमाण्डमा नेपाल प्रहरी १५ जना र निर्वाचन प्रहरी १०जना खटिएका थिए । त्यस्तै सशस्त्र प्रहरी बल बेश क्याम्प शनिश्चरेबाट प्रहरी नायव उपरीक्षक धनबहादुर बोहराको कमाण्डमा सशस्त्र प्रहरी ९ जना र निर्वाचन प्रहरी ६जना परिचालन भएका थिए । पछि अन्य उम्मेदवारलाई राखेर आयोजकले कार्यक्रम गरेको थियो । गत बिहीवार न्युज २४ ले बिर्तामोडमा झापा- २ का उम्मेदवारबीच पब्लिक डिबेटको आयोजना गरेको थियो । सो कार्यक्रममा पनि त्यस्तै विवाद भएको थियो ।

## नयाँ मतदाता थपिएसँगै
# झापामा मतदानको दर बढ्ने

झापा, फागुन १२ । नयाँ मतदाता थपिएको झापामा यस वर्षको निर्वाचनमा मतदानको दर बढ्ने अपेक्षा गरिएको छ । जिल्ला निर्वाचन कार्यालयले झापामा ८० प्रतिशतको हाराहारीमा मत खस्ने अनुमान गरेको हो । विगतका निर्वाचनको तुलनामा यस वर्षको निर्वाचनमा मतदाताहरुको संख्या बढेसँगै उपस्थिति पनि बढ्ने जिल्ला निर्वाचन अधिकारी तुलसी नेपालले बताए । उनले बढीभन्दा बढी मतदातालाई मतदानमा सहभागी गराउन मतदाता शिक्षा कार्यक्रमलाई तिव्रता दिइएको बताए । यसपटक ५० हजार नयाँ मतदातासहित झापामा सात लाख १३ हजार ५३७ मतदाता पुगेका छन् ।

क्षेत्र नम्बर ५ मा सबैभन्दा बढी ८१ हजार ८१ पुरुष, ८२ हजार २९६ र अन्य दुई गरी एक लाख ६३ हजार ३७९ मतदाता रहेका छन् । यस क्षेत्रमा ६१ वटा मतदानस्थल र १८५ वटा मतदान केन्द्र रहेका छन् । क्षेत्र नम्बर ४ मा ६६ हजार २८३ पुरुष, ६४ हजार ४२८ महिला र अन्य एकसहित एक लाख ३० हजार ७१२ मतदाता छन् भने ६३ वटा मतदानस्थल र १५६ वटा मतदान केन्द्र रहेका छन् । क्षेत्र नम्बर ३ मा ७१ हजार १७४ पुरुष, ६९ हजार ६८३ महिलासहित एक लाख १० हजार ८५७ मतदाता, ६७ वटा मतदानस्थल र १६४ वटा मतदान केन्द्र रहेका छन् । क्षेत्र नम्बर २ मा ७३ हजार ९५० पुरुष, ७३ हजार ५६७ महिला र अन्य पाँचसहित एक लाख ४७ हजार ५२२ मतदाता रहेका छन् । यहाँ ४९ वटा मतदानस्थल र १६५ वटा मतदान केन्द्र रहेको कार्यालयले जनाएको छ ।

यसैगरी क्षेत्र नम्बर १ मा ६५




हजार ८५८ पुरुष, ६५ हजार २०९ महिलासहित ४३ वटा मतदानस्थल र १४५ मतदान केन्द्र रहेका छन् । झापामा २०७९ सालको प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचनमा ७०.४७ प्रतिशत मतदान भएको थियो । त्यसबेला जिल्लामा ६ लाख ४६ हजार २३४ मतदातामध्ये २ लाख १८ हजार २६५ पुरुष, २ लाख ३७ हजार १५२ महिला र अन्य गरी ४ लाख ५५ हजार ४१७ जनाले मतदान गरेका थिए । २०७४ सालको अघिल्लो निर्वाचनमा झापामा ५ लाख ८५ हजार एक सय ६६ मतदाता रहेकामा ७२ प्रतिशत मतदान भएको थियो। २०७९ मा मतदाताको संख्या बढेपनि अघिल्लो निर्वाचनभन्दा २ प्रतिशत कम मत खसेको थियो ।

# इलाममा चट्याङले लागेर तीनजना घाइते

झापा, फागुन १२ । वर्षासँगै परेको चट्याङले लागेर इलाममा तीनजना घाइते भएका छन् । मंगलवार दिउँसो १ बजेतिर इलाम नगरपालिका ३ पुवामभुवामा चट्याङले लागेर उनीहरु घाइते भएका हुन् । घाइते हुनेहरुमा इलाम ३ पुवामभुवा बस्ने वर्ष ३० का पुष्पलाल विष्ट, सोही ठाउँ बस्ने



वर्ष ४० का तारा खत्री र वर्ष ८२ का तिलककुमार खत्री रहेका छन् । घाइतेहरुलाई उपचारको लागि जिल्ला अस्पताल इलाम ल्याइ उपचार भइरहेकोमा गंभीर अवस्थाका पुष्पलाल विष्टलाई थप उपचारका लागि बिर्तामोड रिफर गरिएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

# झापा गाउँपालिकामा फेरि एमालेको झण्डा जलाइयो



झापा, फागुन १२ । झापा गाउँपालिकामा फेरि एमालेको झण्डा जलाइएको छ । सोमवार राति झापा गाउँपालिका- ६ शरणामतीको भुकुटी चौकमा एमालेको करिब १२ वटा झण्डा अपरिचित व्यक्तिले जलाएका हुन् । त्यसको अघिल्लो आइतवार राति पनि शरणामतीमा एमालेको झण्डा जलाइएको थियो ।सो राति एमालेको १३-१४वटा झण्डा जलाइएको थियो । लगातार झण्डा जलाउनेहरुको बारेमा खोजतलास तथा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । एमालेले झण्डा जलाउनेलाई कार्वाहीको माग गरेको छ । मंगलवार शरणामतीमा विरोध प्रदर्शन गर्दै एमाले कार्यकर्ताहरुले झण्डा जलाउनेमाथि कार्वाहीको माग गरेका हुन् ।

# हात्तीको आक्रमणबाट घाइते महिलाको मृत्यु

झापा, फागुन ७ । जंगली हात्तीको आक्रमणबाट घाइते भएकी झापा बाह्रदशीकी महिलाको मृत्यु भएको छ । सोमवार राति १ बजे बीएण्डसी अस्पताल बिर्तामोडमा उपचारका क्रममा बाह्रदशी १बोक्राफारी बस्ने ५० वर्षीया लिला राजवंशीको मृत्यु भएको हो । फागुन ७ गते बिहान ५;४५ बजे बाह्रदशी १बोक्राफारी बस्ने लखनलाल राजवंशीकी श्रीमती लिलाले आफ्नो बनाउँदै गरेको पक्की घरमा पानी हाल्ने क्रममा लक्ष्मीनाथ सामुदायिक वन भाग्डुब्बाबाट एउटा जंगली हात्ती आई उनलाई अचानक आक्रमण गरेको थियो ।

लिलालाई आक्रमण गरी शरीरको विभिन्न भागमा चोट पुऱ्याइ गम्भीर घाइते बनाएको थियो ।

# चीनले चालिस लाख डलर बराबरको सहयोग गर्ने

काठमाडौँ, फागुन १२ ।चीन सरकारले आसन्न निर्वाचनका निम्ति ४० लाख अमेरिकी डलर प्रदान गर्ने भएको छ ।अनुदानस्वरुप प्राप्त हुने उक्त रकम स्वीकार गर्ने निर्णय मन्त्रिपरिषद् बैठकले गरेको छ । सरकारका प्रवक्ता एवं गृहमन्त्री ओमप्रकाश अर्यालका अनुसार बैठकले चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रममा उल्लेख भएबमोजिम बूढीगण्डकी जलाशययुक्त आयोजनाको वित्तीय लगानी ढाँचा स्वीकृत गर्ने निर्णय गरेको छ । साथै बैठकले काठमाडौँ जिल्ला अदालतका मुख्य न्यायाधीश दीवाकर भट्टलाई काठमाडौँ जिल्ला अदालतको कामसमेत हेर्नेगरी उपभोक्ता अदालत काठमाडौँको अध्यक्ष तोक्ने निर्णय गरेको छ । मन्त्रिपरिषद्ले विमा ऐन, २०७९ को दफा १४० बमोजिमको कसुरसम्बन्धी मुद्दाको कारबाही र किनारा गर्न जिल्ला अदालतलाई तोक्ने र विक्रम संवत् २०८३ साल वैशाख १ गतेदेखि चैत मसान्तसम्मका सार्वजनिक बिदा पनि निर्धारण गरेको छ । बैठकले जेनजी परिषद् गठन गर्ने निर्णय पनि गरेको प्रवक्ता अर्यालले जानकारी दिए ।

# दलको चुनावी प्रचारप्रसारमा शिक्षक

काठमाडौं । निर्वाचन आचारसंहिता, २०८२ को दफा १० (क)मा भनिएको छ, 'विद्यालय, महाविद्यालय वा विश्वविद्यालय तथा सोमा सम्बद्ध कर्मचारी, प्राध्यापक तथा शिक्षकहरू कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नपाइने।'

सोही दफाको (ग)मा कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा सवारीसाधन, भवन वा अन्य सामग्री प्रयोग गर्न दिन, कार्यक्रम वा सभा वा सम्मेलन गर्न वा प्रचारप्रसार गर्न नहुने व्यवस्था छ।

शिक्षक तथा कर्मचारीहरू भने यो आचारसंहिताको धज्जी उडाउँदै फागुन २१ मा हुने प्रतिनिधिसभा निर्वाचनका लागि दलको निर्वाचन प्रचारप्रसारमा लागेका छन्।

निर्वाचन आयोगले केही प्राध्यापक, शिक्षक तथा कर्मचारीहरू राजनीतिक दल तथा उम्मेदवारको पक्षमा प्रचारप्रसारमा संलग्न भएको भनी आयोगमा उजुरी तथा गुनासो समेत आएको जनाएको छ।

आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार सबै राजनीतिक दल, उम्मेदवार तथा सम्बन्धित पक्षहरूले निर्वाचन आचारसंहिताको पूर्ण पालना भए नभएको विषयमा आयोगले अनुगमन गरिरहेको छ।

उनले भने, 'यसै सिलसिलामा केही प्राध्यापक, शिक्षक तथा कर्मचारी राजनीतिक दल तथा उम्मेदवारको पक्षमा प्रचारप्रसारमा संलग्न भएको भनी आयोगमा उजुरी तथा गुनासो समेत प्राप्त भएको छ।'

आयोगले यसअघि नै दैलेख भैरवी-३ स्थित देउती आधारभूत विद्यालयका शिक्षक देवीराम आचार्यलाई कांग्रेसको तर्फबाट दैलेख १ का उम्मेदवार वासना थापा र २ का उम्मेदवार दिक्पालकुमार शाहीका लागि रूख चिह्नमा मत माग्दै आफ्नो फेसबुकमा पोस्ट गरेको उजुरीका आधारमा स्पष्टीकरण सोधेको छ।

केही दिनअघि रूपन्देहीको शान्ति नमूना माध्यमिक विद्यालयका प्रधानाध्यापक र शिक्षक पनि चुनावी प्रचारमा हिडेको पाइएको थियो। विद्यालयका प्रधानाध्यापक कुलप्रसाद लामिछाने, कान्ति माध्यमिक विद्यालयका शिक्षक दीलिप बेलबासे र कालिका माविका शिक्षक श्याम श्रेष्ठ राजनीतिक दल र उम्मेदवारको प्रचारमा लागेको तस्वीर नै बाहिरिएपछि सार्वजनिक रूपमै उनीहरूको आलोचना भएको थियो।

निर्वाचन प्रचारमा बालबालिका पनि प्रयोग

शिक्षक तथा कर्मचारीहरू आचारसंहिता विपरीत दलको चुनावी प्रचारप्रसारमा हिँडेका छन् भने राजनीतिक दलहरूले भने बालबालिका प्रयोग गरेको पाइएको छ।

आयोगका अनुसार निर्वाचनमा सहभागी राजनीतिक दल वा उम्मेदवारले आफ्नो झण्डा वा निर्वाचन चिह्न बोक्ने कार्यमा, सांस्कृतिक कार्यक्रममा, र्‍यालीमा, अमुक दल वा उम्मेदवारविरुद्धका गतिविधिमा, झण्डा वा निर्वाचन चिह्न अङ्कित भेष्टरटिसर्टरलोगो जस्ता चिजहरू प्रदर्शन गर्ने कार्यमा बालबालिका सहभागी गराउने गरेको उजुरी आएको छ।

त्यसैगरी ती दल र उम्मेदवारहरूले विद्यालय समयमा विद्यालय नजिकै राजनीतिक दल वा उम्मेदवारका चुनावी गतिविधि सम्बन्धी कार्यक्रम आयोजना गरी शैक्षिक कार्यमा अवरोध सिर्जना भएका विषयहरूमा उजुरी तथा गुनासो निर्वाचन आयोगमा प्राप्त भएका छन्।

त्यस्तै,राष्ट्रिय मानव अधिकार आयोगले पनि राजनीतिक दलहरू, उम्मेदवार तथा कार्यकर्ताहरूले निर्वाचन आचारसंहिता विपरीत चुनावको प्रचारप्रसार र राजनितिक गतिविधिमा प्रत्यक्ष रूपमा बालबालिकाको प्रयोग गरेको पाइएको जनाएको छ।

आयोगका प्रवक्ता टीकाराम पोखरेलले भने,' सामाजिक सञ्जालमा प्रकाशितप्रसारित हुने निर्वाचनका गतिविधिमा बालबालिकालाई संलग्न गराएको तथा निर्वाचन आचारसंहिताको पूर्ण रूपमा पालना नगरेको विषयहरू आयोगको अनुगमनका साथै सामाजिक सञ्जाल र अनलाइन माध्यमहरूमा समेत देखिएका छन्।'

आयोगले हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीलाई दलको लोगो, दलको नाम, चिह्न र उम्मेदवारको फोटोअंकित टिसर्ट लगाई बालबालिकालाई प्रयोग गरेको भन्ने श्रव्यदृश्यको प्रमाणसहित परेको उजुरीका आधारमा स्पष्टीकरण नै सोधेको थियो।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन र पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले बालबालिकाहरूसँग भेटघाट गर्ने र तस्वीर खिच्ने कार्य भने गरेका छन्। उनीहरु दुवै जना झापा-५ का उम्मेदवार हुन्।

निर्वाचन आचारसंहिता, २०८२ को दफा १३ को उपदफा (१) को खण्ड (ट) मा निर्वाचन प्रचारप्रसार, आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग गर्न वा गराउन नहुने व्यवस्था रहेको छ।

उसो त आयोगले निर्वाचन प्रचारप्रसारमा बालबालिकाको प्रयोग गर्नु नेपालको संविधान, बालबालिका सम्बन्धी ऐन र निर्वाचन आचारसंहिता समेतको प्रतिकूल हुने ठहर गरेको छ।

राष्ट्रिय माधव अधिकार आयोगले पनि निर्वाचनमा बालबालिकाको प्रयोग नगर्न/नगराउन सरकार र सबै पक्षलाई आग्रह गरेको छ।

शिक्षक प्रचारमा र बालबालिका प्रयोग गरिए के हुन्छ कारबाही ?

शिक्षा ऐन, २०२८ को दफा १६ङ, को उपदफा (५) को खण्ड (छ) मा शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइने व्यवस्था रहेको छ।

आयोगले यो आचारसंहिता उल्लंघन गरे आचारसंहिताको दफा ४८ बमोजिम कारबाही हुने जनाएको छ। बालबालिका प्रयोगको हकमा आचारसंहिता उल्लङ्घन गरे आयोगले एक लाख रुपैयाँसम्म जरिवाना गराउने छ। यतिमात्रै नभएर उम्मेदवारी समेत रद्द हुने व्यवस्था छ।

आचारसंहिताको दफा ४८ को आचारसंहिता उल्लङ्घनमा हुने कारबाही (१) मा भनिएको छ,'कसैले यो आचारसंहिता उल्लङ्घन गरेमा आयोगले निर्वाचन आयोग ऐन, २०७३ दफा २३ बमोजिम एक लाख रुपैयाँसम्म जरिबाना गर्न वा उम्मेदवारी रद्द गर्न सक्नेछ।'

दलको प्रचारप्रसारमा लागे कारबाही गर्ने चेतावनी

निर्वाचन आयोगले प्राध्यापक, शिक्षक तथा कर्मचारीहरूलाई दलको चुनावी प्रचारप्रसारमा नलाग्न र दल तथा उम्मेदवारहरूलाई बालबालिका प्रयोग नगर्न निर्देशन दिएको छ।

आयोगले सोमबार विज्ञप्ति नै जारी गरेर भनेको छ,'शैक्षिक संस्थामा सम्बद्ध प्राध्यापक, शिक्षक तथा कर्मचारीले आफ्नो पदको मर्यादा तटस्थता तथा कानुनी दायित्वलाई मनन् गर्दै आचारसंहिता विपरीत हुने कुनै राजनीतिक दल वा उम्मेदवारको निर्वाचन प्रचारप्रसार नगर्न नगराउन सचेत गराइन्छ, निर्वाचन आचारसंहिता विपरीतका कार्य गरे गराइएको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही हुने जानकारी गराइन्छ।'

राष्ट्रिय मानवअधिकार आयोगले निर्वाचनमा बालबालिकाको प्रयोग हुन नदिन दल, नागरिक समाज, विद्यालय, शिक्षक र अविभावकको समेत जिम्मेवार भूमिका रहने भन्दै यसप्रति सचेत रहन आग्रह गरेको छ।

# साम्बाको अपिलले ल्यायो तरंग

काठमाडौं । नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी स्टार स्ट्राइकर सावित्रा भण्डारी 'साम्बा'ले घुँडामा गम्भीर चोट पुगेका कारण जटिल खालको शल्यक्रिया गर्नुपर्ने भन्दै आर्थिक सहयोगका लागि सार्वजनिक गरेको अपिलले सञ्चारमाध्यम र सामाजिक सञ्जाल तरंगित छ, यतिवेला। उनको यो अपिलसँगै धमाधम रकम सहयोग गर्नेहरू बढिरहेका छन्। खेलप्रेमीदेखि राजनीतिक दलसम्मले रकम सहयोग गरिरहेका छन्। नेपालका कतिपय अस्पतालले त निःशुल्क उपचार गरिदिने घोषणा समेत गरिरहेका छन्।

न्युजिल्याण्डको वेलिङ्टन फोनिक्स क्लबको सिजन २०२५-२६ का लागि आबद्ध भएकी साम्बा साउनदेखि उतै छिन्।

गत पुस ५ गते अष्ट्रेलियाको महिला फुटबल लिगमा ब्रिस्बेन रोअरविरुद्धको खेलको दोस्रो हाफमा उनी घाइते भएकी थिइन्। बल हेड हान्ने क्रममा रोअरकी गोलकिपरसँग ठोक्किँदा उनको दाहिने घुँडामा गम्भीर चोट लागेको थियो।

त्यसलगत्तै उनले कतारको अस्पेटार अस्पतालमा उपचार गराएकी थिइन्। उपचारको क्रममा चिकित्सकले घुँडाको ग्राफ्ट र एमसीएल (मिडियल कोलेटरल लिगामेन्ट) को शल्यक्रिया गरेका थिए। तर उक्त शल्यक्रिया सफल नभएपछि पुनः शल्यक्रिया गर्नु पर्ने भएको थियो। साम्बाकै अनुसार त्यसका लागि उपचारमा करिब ८० हजार अमेरिकी डलर खर्च लाग्छ। त्यसैका लागि उनले आर्थिक सहयोग गर्न आग्रह गरेकी हुन्।

'घुँडाको एसिएलमा यसअघि शल्यक्रिया गरेर हालिएको ग्राफ्ट र एमसीएल दुवैमा गम्भीर चोट लागेको छ। यसका लागि मैले पुनः जटिल शल्यक्रिया गर्नुपर्ने अवस्था रहेको छ, यसको लागि कुल ८० हजार अमेरिकी डलर खर्च हुने प्रारम्भिक आँकलन रहेको छ। र उक्त रकम मेरो शल्यक्रिया र ७-८ महिना रिह्याबका लागि अपुग हुने भएकाले आम समर्थकमाझ सहयोग माग्न आइपुगेको छु', साम्बाले हालै सामाजिक सञ्जालमा लेखेकी छिन्। उनले न्युजिल्याण्डकै अस्पतालले उपचार गराउने भने पनि आफ्नो इच्छा भने कतारमा उपचार गराउने रहेको पनि जनाएकी छिन्।

राष्ट्रिय रूपमा मात्रै होइन अन्तर्राष्ट्रिय स्तरमा नै ख्यातिप्राप्त खेलाडीले खेलकै क्रममा लागेको चोटको उपचार गर्न आर्थिक अभावकै कारण भौंतारिएको सार्वजनिक भएपछि एकातिर सरकारको आलोचना भएको छ। अर्कोतर्फ जटिल प्रकारका उपचार देशमा नहुने रहेछ कि भन्ने प्रश्न खडा भएको छ। तर लामो समयदेखि नेपालमा नै हाडजोर्नी सम्बन्धी विशेषज्ञ सेवा दिइरहेका चिकित्सक भने स्ट्राइकर भण्डारीको घुँडाको ग्राफ्ट र एमसीएल (मिडियल कोलेटरल लिगामेन्ट) शल्यक्रियाको विशिष्टीकृत उपचार सेवा नेपालमा नै उपलब्ध रहेको बताउँछन्। राष्ट्रिय ट्रमा सेन्टरका निर्देशक समेत रहेका वरिष्ठ हाडजोर्नी शल्यचिकित्सक डा. रुद्र मरासैनीले भने, 'घुँडाको लिगामेन्ट (एन्टेरियर क्रुसिएट लिगामेन्ट ब्क्री) र (पोस्टेरियर क्रुसिएट लिगामेन्ट एक्री)लगायत को अपरेशन राष्ट्रिय ट्रमा सेन्टरमा नियमित रूपमा र निकै सस्तो शुल्कमा हुँदै आइरहेको छ। हामीले थुप्रै खेलाडीको सफल अपरेसन समेत गरिसकेका छौँ। यसको उपचारको लागि पैसा खोजी-खोजी विदेश जानुपर्ने अवस्था छैन। उहाँले चाहेमा र हामीलाई विश्वास गरेमा हामी यो अपरेसन उत्कृष्ट परिणामसहित पूर्णरूपमा निःशुल्क गर्न तयार छौँ।'

डा. मरासैनीका अनुसार स्ट्राइकर भण्डारीले कतारमा गराउन चाहेको खालको शल्यक्रिया अहिले पनि राष्ट्रिय ट्रमा सेन्टरमा दैनिक ५ देखि ७ वटासम्म हुने गरेको छ। 'कहाँ उपचार गर्ने भन्ने बिरामीको इच्छाको विषय भयो तर स्ट्राइकर भण्डारीले कतारमा गराउन चाहेको खालको शल्यक्रिया हामीले ट्रमा सेन्टरमा नै दैनिक ५ देखि ७ जनासम्मको गरिरहेका छौँ', उनी भन्छन्, 'यसअघि पनि धेरै राष्ट्रियस्तरका खेलाडीको यस्तै खालको शल्यक्रिया पनि गरिरहेका छौँ। पैसा खोज्दै विदेश जानु पर्दैन।'

घुँडाको लिगामेन्ट (ब्क्री/एक्री लगायत) को अपरेशन राष्ट्रिय ट्रमा सेन्टरमा नियमित र निकै सस्तो शुल्कमा उत्कृष्ट हुँदै आएको समेत उनले बताए।

अर्कोतर्फ यस्तो प्रकारको शल्यक्रिया गरेका बिरामीलाई शल्यक्रियापश्चात् केही समयसम्म आवश्यक पर्ने विश्वस्तरको हाइलेवलको फिजियोथेरापी (रिह्याब) समेत यही उपलब्ध रहेको डा. मरासैनीले बताए।

'घुँडाको लिगामेन्टसम्बन्धी सम्पूर्ण प्रकारको विशिष्टीकृत सेवा हाम्रोमा उपलब्ध छ, सेवा मात्रै होइन हाम्रोमा यो सम्बन्धी विशेषज्ञ चिकित्सकसमेत उत्पादन हुने पढाइ छ हाम्रोबाट यो सम्बन्धी विशेषज्ञता हालसिल गरेका चिकित्सकहरुले माल्दिभ्स,कतारलगायतका देशहरुको अस्तालमा पुगेर उत्कृष्ट सेवा समेत दिइरहनु भएको छ', उनले भने।

ब्क्री/एक्री शल्यक्रिया घुँडामा क्षतिग्रस्त लिगामेन्टहरू मर्मत वा प्रतिस्थापन गर्ने उद्देश्यले गरिने शल्यक्रिया हो।

दौडिने, हाम फाल्ने र घुमाउने जस्ता शारीरिक गतिविधिहरूको समयमा घुँडाको स्थिरता कायम राख्न दुवै लिगामेन्टहरू आवश्यक पर्ने र यसको क्षती पनि दौडिने, हाम फाल्ने र घुमाउने जस्ता क्रियाकलाप गर्दा हुने र धेरैजसो यस्तो समस्या खेलाडीमा देखा पर्छ।

अर्का हाडजोर्नी विशेषज्ञ डा. मंगल रावलले समेत साम्बाले कतारमा गराउन चाहेको खालको शल्यक्रिया हुने गरेको बताएका छन्।

रावलले सामाजिक सञ्जालमा लेखेका छन्, 'यो खबर सुनेर अत्यन्तै दुःख लाग्यो। तर यसैबीच मलाई अझ बढी दुःख लागेको कुरा के हो भने, यस्तो उपचार नेपालमा हुँदैन भन्ने भाष्य तपाईँको स्टाटसले दिएको जस्तो लाग्यो। वास्तवमा यस्तो उपचार विदेश (न्युजिल्याण्ड) जत्तिकै, अझ राम्रो स्तरमा समेत, नेपालमै कम्तीमा ३०-४० जना अब्बल चिकित्सकहरूले गरिरहनु भएको छ। करोडौँ खर्च गर्नु पर्दैन, केही लाख (२-५ लाख) मै शल्यक्रिया सम्पन्न हुन सक्छ। यस्ता शल्यक्रिया गरिसक्नुभएका अनुभवी चिकित्सकहरू यहीँ हुनुहुन्छ।'

यता स्ट्राइकर भण्डारीले आफ्नो घुँडाको शल्यक्रिया गर्न आर्थिक सहयोगको लागि अपिल गरेपछि काठमाडौं मेडिकल कलेजले समेत एक विज्ञाप्ति निकालेर आफ्नोमा उनले गराउन चाहेको शल्यक्रिया सेवा उपलब्ध रहेको र भण्डारीले चाहेमा निशुल्क उपचार सेवा दिने जनाएको छ।

# एमाले-एमाले भिडेका हुन्- कांग्रेस



झापा, फागुन १२ । सोमवार झापाको सुरुङ्गा र माईधारमा एमाले-एमाले समर्थकबीच झडप भएको नेपाली कांग्रेसले दावी गरेको छ ।

आफ्नो पार्टी र एमालेका समर्थकहरुबीच झडप नभएको कांग्रेसका एक नेताले बताए । एक वर्षअगाडि युवा संघको अधिवेशनका बेला उत्पन्न आन्तरिक विवादलाई लिएर निर्वाचनको मुखमा झडप भएको उनको भनाई छ ।

युवाहरुको दुईवटा समूहबीचको विवादले हिजो दिउँसो सुरुङ्गा र साँझ माईधारमा तनाव भएको थियो । साँझ माईधारमा प्रहरीले एकजनालाई पक्राउ गरेको थियो ।

यसअघि झापा गाउँपालिका वडा नं ६ शरणामतीमा एमालेको झण्डा जलाएको विषयमा सो विवाद भएको प्रहरीले बताएको थियो ।

दिउँसो १.२० बजे सुरुङ्गाको युनिक क्याफेमा हात हालाहाल भएको थियो भने साँझ माईधारमा पनि त्यस्तै तनाव भएको थियो । आपसी मनमुटावका कारण विवाद हुँदा सोमवार दिनभर सुरुङ्गा अशान्त बनेको थियो ।

# इडन गार्डेनका विद्यार्थीहरुको प्रस्तुतिबाट अभिभावक प्रफुल्लित

झापा, फागुन १२ । बिर्तामोडस्थित इडन गार्डेन एजुकेशन फाउण्डेशनका विद्यार्थीहरुको प्रतिभा देखेर अभिभावकहरु प्रफुल्लित भएका छन् ।

इडन गार्डेनको ३७औं वार्षिकोत्सवमा विद्यार्थीहरुले आ-आफ्ना प्रतिभा देखाएका हुन् । कार्यक्रममा विद्यार्थीहरूले नेपालको सांस्कृतिक पहिचान झल्काउने ३२ भन्दा बढी प्रस्तुति प्रस्तुत गरेका थिए। गीत, नृत्य, कविता, नाटकलगायतका प्रस्तुति प्रस्तुत गरेर उनीहरुले अतिथि र अभिभावकहरुको मन जितेका थिए।

नर्सरीदेखि माध्यमिक तहसम्मका विद्यार्थीहरुले भरत नाट्यम ,सरस्वती वन्दना ,रिमिक्स आधुनिक नृत्य ,कविता,राष्ट्रिय गीतमा नृत्य , मारुनी नृत्य , राजवंशी नृत्य ,जेनजी नृत्य, झुम्रा ,साकेला ,तामाङ सेलो , लेजी डान्सलगायत प्रस्तुत गरी कार्यक्रमलाई आकर्षक बनाएका थिए। विद्यालयका कोअर्डिनेटर गीताराम आचार्य र विद्यार्थीहरू चाँदनी माली, आयुष्मा रसाईली, बर्षा मैनाली, अर्पित मैनाली, कुशल बस्नेत, आयान अन्सारी, दिप्सन गिरी, दृष्टी माझी, सलिना राई, सभ्यता शिवाकोटी, आश्रिया शंकर, आश्रिया सुनुवार, रोनिषा प्रसाई, विजयता सुव्वा, सोनाली विश्वास, मुस्कान वेगम, विकल ओली, खुश्बु आचार्य, सम्राट शाही, श्रीयान उप्रेती र क्रिष्टीना बस्नेतले संयुक्त रूपमा कार्यक्रम सञ्चालन गरेका थिए।




विद्यालयका संस्थापक प्रिन्सिपल मोहन आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि बिर्तामोड नगरपालिकाका शिक्षा शाखा प्रमुख तिलचन भण्डारी रहेका थिए । उनले बिर्तामोडकै पुरानो विद्यालयको रुपमा रहेको इडन गार्डेनले आफ्नो ख्यातिलाई अझ वृद्धि गर्न नवीनतम् प्रविधिहरुको विकास गर्नुपर्नेमा जोड दिए ।

शिक्षक कमल अधिकारीले स्वागत मन्तव्य व्यक्त गर्दै विद्यालयको इतिहास र आगामी योजनाबारे प्रकाश पारेका थिए ।

सो अवसरमा २०८१ सालको एसईई परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरू अनमिका थापा, सुदिक्षा उप्रेती, कृष्टल प्रसाई र सुरज गौतमलाई जनही नगद ५ हजारसहित सम्मान गरिएको थियो।त्यसैगरी २०८२ सालको वर्ष उत्कृष्ट पुरस्कार विद्यार्थीहरु संज्ञान गौतम र प्राञ्जल पोखरेललाई प्रदान गरिएको थियो। त्यस्तै उत्कृष्ट शिक्षकहरु मोनिका गिरी,गीता बास्तोला,सञ्जय राजवंशी,सुष्मा मोहरा ,मेनुका पाठक, बिमला कँडेल ,वर्षा कार्की र तुलसा निरौलालाई सम्मान गरिएको थियो ।

त्यस्तै उत्कृष्ट ग्रीन सदनलाई पुरस्कृत गरिएको थियो भने लक्की ड्रबाट भाग्यशाली अभिभावक चन्द्रकला गौतमलाई नगद पुरस्कार प्रदान गरिएको थियो । कार्यक्रममा विभिन्न विद्यालयका संचालक , शिक्षक प्रतिनिधि , अभिभावक र विद्यार्थीहरुको बाक्लो उपस्थिति रहेको थियो । बिर्तामोडकै पुरानो विद्यालय इडन गार्डेनले स्तरीय पढाइसंगै अतिरिक्त क्रियाकलापमा समेत राम्रो पहिचान बनाएको छ ।

# विभिन्न जिल्लामा असिना पानी

झापा । पश्चिमी न्यून चापीय प्रणालीका कारण आज मौसम बदली हुँदा देशको पूर्वदेखि पश्चिमसम्मैका जिल्लामा वर्षा, चट्याङ र असिनापानी परेको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार पश्चिम क्षेत्रमा भन्दा मध्य र पूर्वमा बढी वर्षा भएको छ। काठमाडौंको जरसिंहपौवासहित, नुवाकोटको ककनीलगायत विभिन्न क्षेत्रमा असिना परेको छ।

विभागमा साँझ अभिलेख भएको तथ्याङ्कअनुसार पछिल्लो २४ घण्टामा सबैभन्दा बढी वर्षा संखुवासभामा ३६.८ मिलिमिटर वर्षा भएको छ। त्यसपछि सिन्धुपाल्चोकमा २५.६ मिलिमिटर वर्षा भएको छ। यस्तै ताप्लेजुङमा २४, नुवाकोटमा ११, गोरखामा १३, पर्वतमा २०.६ म्याग्दीमा १०.६,प्यूठानमा १३.८, रोल्पामा २०.८, ललितपुरमा १३.२, काठमाडौँमा २।६, भक्तपुरमा ३.४, दोलखामा ८.४ मिलिमिटर वर्षा भएको छ। अन्य धेरै जिल्लामा १० मिलिमिटरभन्दा तल वर्षा भएको छ। केही ठाउँमा असिनासहितको वर्षा भएको थियो। जल तथा मौसम विज्ञान विभागका अनुसार बुधवार पनि विभिन्न ठाउँमा वर्षा हुने देखिएको छ।

विभागका सूचना अधिकारी दिनकर कायस्थका अनुसार बुधबार तराई भू-भागका केही स्थानहरूमा बिहानको समयमा हुस्सु रहने तथा कोशी, गण्डकी र कर्णाली प्रदेशको पहाडी र हिमाली भू-भाग तथा बाँकी प्रदेशको हिमाली भू-भागमा साधरणतया बादल लाग्ने छ। बाँकी पहाडी भू-भागमा आंशिक बादल लाग्ने छ।

तराई भू-भागमा मौसम मुख्यतया सफा रहने छ। कोशी, बागमती र गण्डकी प्रदेशको पहाडी र हिमाली भू-भागका थोरै स्थानहरूमा तथा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको पहाडी र हिमाली भू-भागको एक-दुई स्थानमा मेघगर्जन र चट्याङसहित हल्का वर्षा र हिमपातको सम्भावना रहेको छ।


## निर्वाचनलाई वातावरणमैत्री बनाऔं ।

- सभा, जुलुस, यली वा घरदैलोजस्ता कार्यक्रममा प्रयोग भएका सामग्रीको व्यवस्थापन गरौं ।
- निर्वाचन प्रचारप्रसार कार्यक्रम गर्दा वातावरणमैत्री सामग्रीको प्रयोग गरौं ।
- निर्वाचन प्रचारप्रसारमा आमसञ्चार तथा डिजिटल माध्यमलाई प्राथमिकता दिऔं ।
- निर्वाचन प्रचारप्रसारमा सभा, जुलस वा र्‍यालीमा ध्वनि तथा वायु प्रदूषण न्यून गर्ने उपाय अपनाऔं ।
- निर्वाचन प्रचारप्रसारमा प्लाष्टिकजन्य सामग्रीको प्रयोग नगरौं ।
- निर्वाचनका समयमा विद्युतीय सवारीसाधनलाई प्राथमिकता दिऔं ।
- निर्वाचनका समयमा पर्चा/पोष्टर टाँस्ने वा भित्तेलेखन जस्ता कार्य नगरौं/नगराऔं ।
- निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं ।
- हरित निर्वाचन अभियानलाई सफल पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि.

## इच्छा-पत्र आव्हान सम्बन्धमा

**प्रथम पटक प्रकाशित मिति : २०८२/११/१३**

सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि.मुल कार्यालय, बितामोड-२ (झापा) चारपानेको लागि तपशिल बमोजिमको जग्गामा मास्टर प्लान निर्माण गर्न इच्छुक फर्म/कम्पनीबाट सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र निम्न आवश्यक कागजातहरुसहित इच्छा-पत्र पेश गर्न आव्हान गरिन्छ ।

| क्र.सं. | मास्टर प्लान निर्माण गर्ने जग्गाको विवरण : |
|---|---|
| १. | बिर्तामोड न.पा.वडा.नं.-२, को चारपानेस्थित ४ बिघा १४ कठ्ठा ५ धुर जग्गामा |

**अन्य विवरणहरु :**

१) इच्छा-पत्रमा फर्मको नाम, ठेगाना, भ्याट नम्बर, सम्पर्क नम्बर, फर्मको छाप, हस्ताक्षर स्पष्ट लेखिएको हुनु पर्नेछ ।

२) फर्मको लेटर प्याडमा इच्छा-पत्र प्रस्तुत गरिएको निवेदन लेख्नु पर्नेछ ।

३) समय नाघी वा रीत पुरा नगरी प्राप्त भएको इच्छा-पत्रलाई मान्यता दिइने छैन ।

४) इच्छा-पत्र स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।

५) इच्छा-पत्र स्वीकृत भएका फर्म/कम्पनीलाई संस्थाको तर्फबाट उक्त जग्गामा बनाईने वा निर्माण गरिने घेराबारा, भवन निर्माण डिजाईन, बाटो, गार्डेन आदिको बारेमा संस्थाको तर्फबाट कन्सेप्ट दिईनेछ ।

६) स्वीकृत इच्छा-पत्रमध्ये उपयुक्त ठहरिएका फर्म/कम्पनीलाई लागत मूल्यसहितको कोटेशन पेश गर्नको लागि पुनः राष्ट्रिय स्तरको पत्रिकामा सूचना आव्हान गरिनेछ ।

**इच्छा-पत्रमा संलग्न हुनु पर्ने आवश्यक कागजपत्रहरु :**

क) कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी ।

ख) भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी ।

ग) ब्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

घ). आ.व.०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।

ङ) अनुभवको प्रमाण पत्र ।

च) अडिट रिपोर्ट ।

**सहारा नेपाल (साकोस) लि.**
**मुल कार्यालय, बिर्तामोड-२, चारपाने**
**फो.न. ०२३-५३३४०८, ५३११९८**


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# निर्वाचन आयोगको निर्देशन

**निर्वाचन आयोगले फागुन ४ देखि १८ गतेसम्म निर्वाचनको औपचारिक प्रचारप्रसार गर्ने समयसीमा तोकेको छ । फागुन २१ गते हुने प्रतिनिधि सभाको चुनावका लागि आयोग, सरकार, राजनीतिक दल र सरोकारवाला सबै पक्ष अन्तिम तयारीमा जुटेका छन् । मुलुक निर्वाचनमय बनेको छ । आयोगले जारी गरेको निर्वाचन आचारसंहिता अनुसार फागुन ४ बाट मात्र आमसभा, कोणसभा, जुलुस तथा सामूहिक घरदैलोसहित चुनावी कार्यक्रम गर्न खुला गरिएको हो । यस पटक मतदान हुने दिनभन्दा १७ दिनअघिबाट मात्र सभा, जुलुस गर्न पाउने व्यवस्था गरिएको छ । मतदान भन्दा अगाडि ४८ घण्टाको मौन अवधिमा पनि दलले प्रचारप्रसार गर्न पाउने छैनन् । फागुन १८ गते राति १२ बजेबाट मौन अवधि सुरु भएपछि प्रचारप्रसार बन्द हुने छ । यस पटक राजनीतिक दलले मुख्य प्रचारप्रसारका लागि १५ दिनको समय पाएका छन् । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले प्रचलित कानुन र निर्वाचन आचारसंहिताको अधीनमा रहेर दल र उम्मेदवारले प्रचारप्रसार गर्नेमा आयोग विश्वस्त रहेको बताउनुभएको छ । मुलुकलाई नयाँ निकास दिने निर्वाचन भएकाले मतदातामा उत्साह बढेको छ । मतदाता शिक्षालगायतको तयारीले मतदानको प्रतिशत बढ्ने र बदर मतको प्रतिशत घट्ने अपेक्षा गरिएको छ ।**

**निर्वाचन स्वच्छ, मर्यादित र शान्तिपूर्ण वातावरणमा सम्पन्न गराउन आयोगले ६४ बुँदे निर्देशन जारी गरेको छ । यस निर्देशनलाई पूर्ण रूपमा पालना गराएर निर्वाचन स्वच्छ, प्रतिस्पर्धी र मर्यादित बनाउने आयोगको योजना छ । हरेक दल निर्वाचन प्रचारप्रसारका क्रममा मर्यादित र शिष्ट रूपमा प्रस्तुत हुनुपर्ने छ । कुनै पनि मतदातालाई निर्वाचनसम्बन्धी प्रचलित सङ्घीय कानुनबमोजिम निर्वाचनको प्रचारप्रसार गर्न वा मतदान अधिकार प्रयोग गर्नबाट वञ्चित गराउन पाइने छैन । कुनै पनि किसिमको हातहतियार वा विस्फोटक पदार्थ प्रदर्शन वा प्रयोग गर्ने, कुनै किसिमको क्षति पुऱ्याउने, धाकधम्की, डरत्रास देखाउने, कुनै किसिमले लोभलालच देखाउने वा आर्थिक प्रलोभन देखाउने, धर्म भड्काउने वा प्रतिज्ञा गराउने जस्ता काम गरी प्रभावमा पार्नु हुँदैन । निर्वाचनको अवधिभित्र कुनै मतदातालाई निजको मतदान अधिकार प्रयोग गर्न वा नगर्न तथा मतदानको अधिकार प्रयोग गरे वा नगरेबापत उपहार, पुरस्कार, इनाम दिन पाइने छैन । दानदातव्य र बकसका रूपमा नगद वा जिन्सी दिन वा दिन मञ्जुर गर्न वा सार्वजनिक भोजको आयोजना गर्न वा त्यस्तो प्रयोजनका लागि नगद वा जिन्सी लिन वा लिन मञ्जुर गर्न वा सार्वजनिक भोजमा सहभागी हुन रोक लगाइएको छ । निर्वाचन प्रचारप्रसार गर्दा नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानमा आँच पुऱ्याउने वा खलल पार्ने काम नगर्न, जनतामा निहित सार्वभौमसत्ता र राजकीय सत्ता वा प्रतिस्पर्धात्मक बहुदलीय सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासनव्यवस्थामा खलल पार्ने, कुनै धर्म, जातजाति, वर्ग, क्षेत्र वा सम्प्रदायबिचको सुसम्बन्धमा खलल पुऱ्याउने कार्य गर्नु हुँदैन ।**




# नैतिक नेतृत्व र विवेकपूर्ण मतदान



• शैलेन्द्रकुमार श्रेष्ठ

पवित्र देवभूमि नेपाल लामो र जटिल राजनीतिक परिवर्तनको यात्राबाट गुज्रिरहेको छ। राणाकालीन निरङ्कुश शासनको अन्त्यसँगै प्रजातन्त्रको उदयले जनतालाई स्वतन्त्रता, अधिकार र समृद्धिको आशा दिएको थियो । त्यसपछि एकदलीय पञ्चायती शासन, बहुदलीय प्रजातन्त्र, संवैधानिक राजतन्त्र र १० बर्से माओवादी सशस्त्र सङ्घर्षले देशलाई विभिन्न मोडमा पुऱ्यायो ।

२०७२ सालको संविधानसँगै सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना हुँदा जनताले नयाँ आशा, आर्थिक समृद्धि र राजनीतिक स्थायित्वको अपेक्षा राखे । अपेक्षा अनुसार विकासको गति तीव्र हुन नसक्दा निराशा र राज्यका विभिन्न क्षेत्रमा असन्तोष बढ्दै गयो । गत भदौमा देखिएको जेनजी विद्यार्थी आन्दोलनले यही असन्तोषको स्पष्ट सङ्केत दिएको छ । यसले राष्ट्रलाई संवेदनशील मोडमा उभ्याएको छ, जहाँ सबै सरोकारवालाले आफ्नो भूमिका, जिम्मेवारी र कार्यशैलीमा सतर्कतापूर्वक पुनर्विचार गर्नु आवश्यक छ ।

### नेपाली नागरिकको स्वभाव

नेपाली नागरिक सोझा, साहसी, सहनशील, आत्मास्वाभिमानी, मेहनती र सन्तुष्ट छन् । थोरैमा खुसी हुने, धेरै माग नगर्ने र देशप्रति गहिरो माया राख्ने यही स्वभाव नै नेपाली समाजको मौलिक पहिचान हो । इतिहासका हरेक चुनौतीपूर्ण मोडमा यही धैर्य, साहस, वीरता र त्यागले राष्ट्रलाई जोगाउँदै आएको छ । इमानदारी र कर्तव्यपरायणताले गोर्खालीलाई विश्वभर चिनाइरहेको छ । दुःखद यथार्थ के हो भने, सोझा, साहसी र इमानदार नेपालीले पाएको सम्मान र गौरव नेतृत्वले राजनीतिक इमानदारी, राष्ट्र र जनताप्रतिको जिम्मेवारी बिर्सिएका कारण कमजोर बन्दै गएको छ । यही सरलता र विश्वास बोकेका नागरिक कहिलेकाहीँ राजनीतिक स्वार्थका लागि दुरुपयोग हुने सम्भावना पनि रहन्छ । विवेक, चेतना र दूरदृष्टिसहितको सक्रिय नागरिक सहभागिता आजको आवश्यकता हो । अन्यथा लोकतन्त्र केवल औपचारिक अभ्यासमा सीमित रहन्छ र यसको साँचो शक्ति राष्ट्र र जनताको हितमा प्रयोग हुन सक्दैन ।

नेपाली नागरिक सम्मान, न्यूनतम अवसर र सुरक्षासहित स्वाभिमानी जीवन चाहन्छन् । यही सरल र कम माग गर्ने जनताको अपेक्षा पूरा गर्न नेतृत्वको दायित्व अत्यन्त गहिरो र संवेदनशील हुन्छ । न्याय, सुशासन र राष्ट्रिय सुरक्षा सुनिश्चित गर्न नसक्ने नेतृत्व नैतिक रूपमा असफल ठहरिन्छ । नागरिकको मौनता र सहनशीलता नेतृत्वका लागि सुविधा होइन, उच्च नैतिक मापदण्ड हो ।

### युवाशक्ति र राष्ट्रनिर्माण

स्वदेशभित्र रोजगारीको अभाव, सीमित अवसर र सुशासनप्रतिको प्रश्नले ठुलो सङ्ख्यामा युवाशक्तिलाई विदेश पलायन गर्न बाध्य बनाएको छ । यसले केवल श्रमशक्ति मात्र होइन, हाम्रो संस्कार, संस्कृति र कलात्मक सम्पदालाई पनि जोखिममा पारिरहेको छ । जेनजी आन्दोलनमा ७६ जना, जसमा विद्यार्थी, सुरक्षाकर्मी र अन्य नागरिकसमेतले सर्वोच्च बलिदान दिएका थिए । त्यो बलिदानीले राष्ट्रलाई स्पष्ट चेतावनी दिएको छः देशले अब सचेत, इमानदार, त्यागी र राष्ट्रप्रेमी नेतृत्वको खोजी गरिरहेको छ । राजनीतिक दल र नेतृत्वका लागि सर्वोच्च जिम्मेवारी यही हो । युवाशक्तिको ऊर्जा र सिर्जनशीलतालाई विदेशतर्फ होइन, स्वदेशमै राष्ट्रनिर्माण, विकास र दिगो समृद्धितर्फ मोड्ने वातावरण सिर्जना गर्नु छ । यही जिम्मेवारीको निर्वाहले मात्र राष्ट्रको स्थायित्व, सुरक्षा र गौरव सुनिश्चित गर्न सकिन्छ ।

### छिमेकी मित्रराष्ट्रबाट सिक्नुपर्ने पाठ

छिमेकी मित्र राष्ट्रको विकास यात्राले नेपाललाई गहिरो आत्मामूल्याङ्कन गर्न बाध्य बनाउँछ । भारतले लोकतान्त्रिक अभ्यासभित्रै दीर्घकालीन नीति, औद्योगिकीकरण र मानव संसाधनमा निरन्तर लगानी गर्दै तीव्र आर्थिक प्रगति हासिल गरेको देश तथा प्रतिरक्षामा समेत आफूलाई एउटा सशक्त शक्तिका रूपमा अन्तर्राष्ट्रिय पहिचान बनाउन सफल भएका छन् । त्यहाँको नेतृत्वले राष्ट्रलाई नेतृत्व दिँदा आध्यात्मिक मूल्य आत्मसात् गर्दै 'प्रधान सेवक' को भावनामा काम गर्दै जनविश्वास जित्दै विश्वसामु उदीयमान शक्ति तथा आर्थिक समृद्धितर्फ अग्रसर राष्ट्रका रूपमा आफ्नो पहिचान बनाउँदै छन् ।

चीनले स्पष्ट राष्ट्रिय लक्ष्य, अनुशासित कार्यान्वयन र उत्पादनमुखी अर्थतन्त्रमार्फत अभूतपूर्व विकास हासिल गर्दै विश्वमा उदीयमान शक्तिका रूपमा उदाहरण प्रस्तुत गरेको छ । यी उदाहरणले स्पष्ट गर्छन् नेतृत्वमा 'राष्ट्रको सेवक' बन्ने प्रतिबद्धता, नैतिक सङ्कल्प, दूरदृष्टि र प्रभावकारी कार्यान्वयन मात्रै दीर्घकालीन विकास र स्थायित्वको आधार हुन् ।

### सम्भावना अपार, कमजोर कार्यान्वयन

नेपाल प्राकृतिक स्रोत, जलस्रोत, हिमाल, कृषि सम्भावना, जैविक विविधता, संस्कृति विश्वका सनातनलाई आकर्षित गर्ने महत्वपूर्ण पशुपतिनाथ, मुक्तिनाथ, रामजानकी मन्दिर जस्ता तीर्थस्थल र सनातन आध्यात्मिक विरासतले सम्पन्न देश हो । यी सम्भावनालाई समृद्धिमा रूपान्तरण गर्न नसक्नु नीति, कार्यान्वयन क्षमता र जिम्मेवारीबोधसँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो । ' जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी' भन्ने भावले राष्ट्रप्रति कर्तव्य, समर्पण र सेवाको दर्शन प्रस्तुत गर्छ । यही चेतनामा आधारित राजनीति र नेतृत्व आजको नेपालका लागि सान्दर्भिक छ ।

### देशको भविष्य कोर्ने निर्णायक घडी

आगामी निर्वाचन केवल जनप्रतिनिधि चयनको प्रक्रिया होइन । यो देशको राजनीतिक स्थिरता, राष्ट्रिय सुरक्षा र आर्थिक भविष्य निर्धारण गर्ने ऐतिहासिक अवसर हो । नेता छान्ने नागरिक, उम्मेदवार र सुरक्षित वातावरण सुनिश्चित गर्ने सुरक्षाकर्मी, तिनै पक्षको भूमिका निर्वाचनमा समान रूपमा मह□वपूर्ण हुन्छ । योग्य, इमानदार, त्यागी र राष्ट्रप्रेमी नेतृत्व चयन गर्नु प्रत्येक नागरिकको नैतिक कर्तव्य हो ।

### सुरक्षा निकायको दायित्व

जेनजी आन्दोलनपछिको सुरक्षा चुनौती, हराएका हतियार र जेलबाट भागेका गम्भीर अपराधमा सजाय भोग्दै गरेका कैदी भागेको अवस्थाले पनि आउँदो निर्वाचनलाई संवेदनशील बनाएको थियो । यस परि स्थितिमा राज्यको पहिलो दायित्व भनेको निष्पक्ष, सुरक्षित र विश्वासयोग्य निर्वाचनको वातावरण सुनिश्चित गर्नु हो र यस कार्यमा सुरक्षा निकाय कटिबद्ध छ । सुरक्षा निकाय राष्ट्रको गौरव, शक्ति र आधार हुन् । उनीहरूको व्यावसायिकता, निष्पक्षता र सतर्कताले मात्र लोकतन्त्रप्रति जनविश्वास बलियो बनाउँछ र राष्ट्रिय सुरक्षा सुदृढ हुन्छ ।

### विवेकपूर्ण मतदान

विवेकपूर्ण मतदान नेपाली नागरिकका लागि केवल अधिकारको प्रयोग होइन, यो राष्ट्रप्रतिको जिम्मेवारी र दूरदृष्टिको परीक्षा हो । भावनामा बगेर होइन, उम्मेदवारको चरित्र, आचरण, दृष्टि र सेवा, सङ्कल्पलाई मूल्याङ्कन गरेर मतदान गर्नु आजको आवश्यकता हो । सोझा, सहनशील र मेहनती नागरिकले अब आफ्नो मतलाई राष्ट्रको भविष्य निर्माण गर्ने शक्तिका रूपमा बुझ्न जरुरी छ । यही चेतनाबाट लोकतन्त्र सुदृढ हुन्छ ।

### नैतिक नेतृत्वको अभाव

ठुलो आशा, भरोसा र अपेक्षाका साथ निर्वाचन सम्पन्न हुँदै छ । निर्वाचनपश्चात्को नेतृत्व जनताको अपेक्षा पूरा नगरेको खण्डमा सामाजिक असन्तोष, राजनीतिक अस्थिरता र राष्ट्रिय सुरक्षामा गम्भीर चुनौती उत्पन्न हुन सक्छ । अस्थिरता, आन्तरिक कलह र राजनीतिक गडबडीले विदेशी हस्तक्षेपको जोखिम पनि तीव्र बनाउँछ । यसैले प्रत्येक नेपाली नागरिकको प्रथम कर्तव्य र दायित्व हो, विवेकपूर्ण मतदानमार्फत केवल देशप्रति समर्पित, दूरदृष्टि भएको, सक्षम र त्यागी नेतृत्व चयन गर्नु । यस्तै नेतृत्वले मात्र राष्ट्रको दीर्घकालीन सुरक्षा, राजनीतिक स्थायित्व र आर्थिक समृद्धिको मार्ग दृढतापूर्वक तय गर्न सक्छ ।

### आदर्श शासनको मूल आत्मा

वैदिक सनातन दृष्टिमा राजनीति शक्ति प्रदर्शन होइन, सेवा र धर्मको मार्ग हो । रामायणमा भरतले देखाएको त्याग र सेवाभाव आजको नेतृत्वका लागि आदर्श मानिन्छ । सिंहासनभन्दा राष्ट्रहितलाई सर्वोपरि राख्नु नै आदर्श शासनको मर्म हो । यही सेवाभावको दर्शन पश्चिमी लोकतान्त्रिक चिन्तनमा पनि स्पष्ट देखिन्छ । अमेरिकाका राष्ट्रपति विल्सनले भनेका थिए, "म राष्ट्रको नोकर हुँ ।" नेतृत्वको मूल भूमिका शासक होइन, राष्ट्र र जनताको सेवक हुनु हो भन्ने सन्देश दिएका थिए । यस उदाहरणले स्पष्ट गर्छ, साँचो नेतृत्व अधिकारको प्रदर्शनमा होइन, सेवाको प्रतिबद्धतामा निहित हुन्छ । पूर्वीय आध्यात्मिक दर्शन र पश्चिमी लोकतान्त्रिक मूल्य दुवैको साझा निष्कर्ष यही हो कि सेवाभाव र नैतिकताबिना शासन स्थायी, सुरक्षित र समृद्ध हुन सक्दैन ।

### विवेकपूर्ण मतदान

अब समय आएको छ, सबै नागरिक सचेत होऊन्, विवेकपूर्वक मतदान गरून् र नैतिक नेतृत्व चयन गरून् । निर्वाचित नेतृत्वले आफूलाई शासक होइन, राष्ट्र र जनताको सेवकका रूपमा प्रस्तुत गर्नु पर्छ । सुरक्षाकर्मीले निष्पक्ष र सुरक्षित वातावरण सुनिश्चित गर्नु पर्छ । यही साझा जिम्मेवारी, अटुट सङ्कल्प र राष्ट्रप्रेमबाट मात्र निर्वाचनले नयाँ युगको सुरुवात गर्दै नेपाललाई राजनीतिक स्थिरता, राष्ट्रिय सुरक्षा र दिगो राष्ट्र निर्माणको मार्गमा अगाडि बढाउन सक्छ ।

पूर्वीय सनातन दर्शनदेखि पश्चिमी लोकतान्त्रिक आदर्शसम्म एउटै सत्य स्पष्ट हुन्छ, नेतृत्व शासक होइन, सेवक हुनु पर्छ । सनातन मार्गदर्शन अनुसार, राष्ट्र र जनताप्रति समर्पित हुने दासको भावमा आफूलाई प्रस्तुत गर्नु नै वास्तविक नेतृत्वको मूल्य हो । आफ्ना स्वार्थ र अधिकारभन्दा माथि उठेर देश र जनताको सेवा गर्न सक्ने नेतृत्वले मात्र नेपालको राजनीतिक स्थिरता, राष्ट्रिय सुरक्षा र दीर्घकालीन समृद्धिको मार्ग दृढतापूर्वक तय गर्न सक्छ । गोपबाट

# जनअसन्तोष घटाउने यी हुन् उपाय



• डा. प्रल्हाद कार्की

नेपालको लोकतान्त्रिक यात्राले तीन दशक पार गरिसकेको छ। संविधान बदलियो, शासन संरचना बदलियो, राजतन्त्र अन्त्य भयो, संघीयता आयो, निर्वाचनहरू भए, सरकारहरू बने र ढले। तर यति ठूलो राजनीतिक रूपान्तरणपछि पनि जनमानसमा स्थायी सन्तोष किन देखिँदैन ? किन नागरिकहरू निरन्तर असन्तुष्ट, अविश्वासी र मानसिक रूपमा थकित देखिन्छन् ? यो प्रश्न केवल आर्थिक तथ्यांकले उत्तर दिन सक्दैन। यो प्रश्नको जरा राजनीतिक संस्कृतिमा छ। र त्यस संस्कृतिको नाम हो– दलीय सामन्तवाद।

सामन्तवाद ऐतिहासिक रूपमा भूमिपति र कृषकबीचको निर्भरता-आधारित शक्ति संरचना थियो। त्यहाँ कानुनभन्दा व्यक्तिको प्रभुत्व ठूलो थियो। अधिकारभन्दा कृपा ठूलो थियो। सुरक्षा र अवसर स्वाभाविक हक होइन, मालिकको अनुकम्पामा निर्भर थिए। आधुनिक नेपालमा त्यो पुरानो संरचना औपचारिक रूपमा अन्त्य भयो। तर सामन्तीय मानसिकता समाप्त भएन; त्यसले रूप परिवर्तन गऱ्यो। अब सामन्तवाद दरबारमा होइन, दलका संरचनामा देखिन थाल्यो। भूमिको स्वामित्वको ठाउँ संस्थागत प्रभावले लियो। मालिकको ठाउँ पार्टी नेटवर्कले लियो। कृपाको ठाउँ सिफारिस र पहुँचले लियो। यही परिवर्तनशील सामन्तवाद–दलीय सामन्तवाद– जनअसन्तोषको गहिरो कारण बनेको छ। जनताको असन्तोष विकास योजनाको अभावबाट उत्पन्न भएको मात्र होइन। सडक बने, पुल बने, जलविद्युत् आयोजना बढे, मोबाइल र इन्टरनेटले समाजलाई जोड्यो। तर यिनले नागरिकको आत्मसम्मान सुनिश्चित गरेनन्। मानिसले महसुस गऱ्यो– सेवा पाउन, अवसर पाउन वा समस्या समाधान गर्न कानुनभन्दा पहिले सम्बन्ध आवश्यक छ। यो अनुभूति नै लोकतन्त्रको नैतिक संकट हो। नागरिकले आफूलाई अधिकार सम्पन्न होइन, पहुँच-निर्भर प्राणीका रूपमा अनुभव गर्न थालेपछि लोकतन्त्रको आत्मा कमजोर हुन्छ। लोकतन्त्रको मूल दर्शन नागरिक सर्वोच्चता हो। राज्यको शक्ति नागरिकबाट उत्पन्न हुन्छ र संस्थाहरू त्यस शक्तिको वैधानिक माध्यम हुन्छन्। तर जब दलहरू संस्थाभन्दा माथि उभिन्छन्, जब निर्णय प्रक्रियामा औपचारिक संयन्त्रभन्दा अनौपचारिक सञ्जाल बलियो हुन्छ, तब राज्य निजी प्रभाव क्षेत्रको जस्तो देखिन थाल्छ। यहीँ दलीय सामन्तवाद जन्मिन्छ। यो कुनै घोषणापत्रमा लेखिएको विचारधारा होइन; यो व्यवहारमा विकसित भएको संस्कृति हो। कुनै दलले खुला रूपमा सामन्तवाद स्वीकार गर्दैन, तर व्यवहारमा यदि उसले निष्ठालाई कानुनभन्दा माथि राख्छ भने, त्यो सामन्तीय संरचना नै हो। दलीय सामन्तवादको सबैभन्दा ठूलो दार्शनिक समस्या के हो भने यसले नागरिकलाई बराबरीको व्यक्ति होइन, वर्गीकृत सदस्य बनाउँछ। 'हाम्रो' र 'अरू' को विभाजन सुदृढ हुन्छ। संरक्षण सदस्यतालाई मिल्छ, न्याय निष्पक्ष रूपमा लागू हुँदैन। यस्तो अवस्थामा कानुन अन्धो रहँदैन; उसलाई रंग देखाइन्छ। नागरिकले महसुस गर्छ– न्याय प्रणाली निष्पक्ष छैन, प्रशासन तटस्थ छैन, अवसर प्रतिस्पर्धात्मक छैन। यही अनुभवले असन्तोषलाई स्थायी बनाउँछ।

दलीय सामन्तवादले राज्यको सार्वजनिक चरित्रलाई निजी प्रभावमा रूपान्तरण गर्छ। सार्वजनिक संस्थाहरू– विश्वविद्यालय, प्रशासन, उद्योग, स्थानीय निकाय–सबैलाई प्रभाव क्षेत्रका रूपमा हेरिन थालिन्छ। योग्यता र दक्षताभन्दा निष्ठा र निकटता निर्णायक बन्छ। यस्तो अवस्थामा योग्य व्यक्ति हतोत्साहित हुन्छ। प्रतिभाशाली युवा विदेश जाने निर्णय गर्छ। इमानदार कर्मचारी किनारामा पर्छ। समाजमा एउटा मौन सन्देश फैलिन्छ–'मेहनतभन्दा सम्बन्ध शक्तिशाली छ।' यो सन्देश नै जनअसन्तोषको बिउ हो।

अर्थतन्त्र पनि यस्तो संरचनाबाट प्रभावित हुन्छ। निजी क्षेत्रले लगानी गर्न पूर्वानुमेय नीति र कानुनी सुरक्षा खोज्छ। तर यदि वातावरण अस्थिर, दबाब-आधारित वा पहुँच-निर्भर देखियो भने, उद्यमशीलता कमजोर हुन्छ। आर्थिक वृद्धि भए पनि विश्वास वृद्धि हुँदैन। मानिसले महसुस गर्छ–समृद्धि सामूहिक होइन, संरचनागत लाभको परिणाम हो। त्यसपछि विकासका तथ्यांकले सन्तोष दिन सक्दैनन्।

दलीय सामन्तवादले लोकतन्त्रलाई अनौपचारिक संरचनामा बदल्छ। निर्वाचन हुन्छ, तर निर्णय प्रक्रिया सधैं संस्थागत हुँदैन। कानुनी शासनको ठाउँ वार्ता, दबाब वा नेटवर्कले लिन्छ। नागरिकले देख्छ–विवाद समाधानको अन्तिम ठेगाना अदालत होइन, कुनै प्रभावशाली व्यक्तिको कार्यालय हो। यसले लोकतन्त्रलाई औपचारिक संरचना बनाइदिन्छ, तर व्यवहारमा सामन्तीय सम्बन्ध कायम रहन्छ।

दार्शनिक दृष्टिले हेर्दा, राज्य तब वैध हुन्छ जब त्यसले समानताको अनुभूति दिन्छ। समानता केवल संविधानको धारा होइन; त्यो व्यवहारको अनुभव हो। यदि नागरिकले दैनिक जीवनमा समान व्यवहार पाएन भने, उसले संविधानलाई कागजी दस्तावेजको रूपमा हेर्न थाल्छ। दलीय सामन्तवादले यही अनुभूति भत्काउँछ। त्यसैले असन्तोष राजनीतिक दल परिवर्तनले मात्र समाधान हुँदैन; राजनीतिक संस्कार परिवर्तन आवश्यक हुन्छ।

तीन दशकको अनुभवले देखाएको छ–सत्ता परिवर्तन मात्र पर्याप्त हुँदैन। यदि संरचनागत संस्कृति नबदलियो भने, नयाँ सरकार पुरानो शैलीमै चल्छ। सामन्तीय मानसिकता सत्तासँगै रूप बदल्दै जान्छ। आजको प्रमुख चुनौती यही हो–राज्यलाई सार्वजनिक बनाउने कि निजी सञ्जालको विस्तार बनाउने? दलीय सामन्तवादलाई मुख्य कारण भन्नुको अर्थ अरू समस्या छैनन् भन्ने होइन। आर्थिक असमानता, बेरोजगारी, नीति अस्थिरता, वैश्विक प्रभाव–यी सबै चुनौती छन्। तर यी समस्यालाई जटिल बनाउने आधारभूत संरचना दलीय सामन्तवाद नै हो। जब नीति निर्माण स्पष्ट राष्ट्रिय उद्देश्यमा आधारित हुँदैन र दलगत सन्तुलनमा आधारित हुन्छ, तब दीर्घकालीन योजना अस्थिर हुन्छ। जब प्रशासन तटस्थ हुँदैन, तब कार्यान्वयन कमजोर हुन्छ। जब न्याय निष्पक्ष हुँदैन, तब सामाजिक विश्वास खस्किन्छ। यी सबै मिलेर जनअसन्तोष गहिरो हुन्छ।समाधान के हो ? समाधान कुनै क्रान्तिकारी नारा होइन; समाधान संस्थागत नैतिकता हो। कानुन सर्वोपरी हुनुपर्छ। पेसागत स्वायत्तता सुरक्षित हुनुपर्छ। नियुक्ति प्रक्रिया पारदर्शी हुनुपर्छ। दलहरूले आफ्ना आन्तरिक संरचनालाई लोकतान्त्रिक बनाउनुपर्छ। सबैभन्दा महत्त्वपूर्ण कुरा–राष्ट्रिय उद्देश्य स्पष्ट हुनुपर्छ। यदि राष्ट्रको साझा लक्ष्य 'गरिमामय आत्मनिर्भरता' जस्तो कुनै नैतिक अवधारणामा आधारित भयो भने, नीति र व्यवहार दुवै त्यस दिशामा उन्मुख हुन सक्छन्।

दलीय सामन्तवादको अन्त्य नागरिक चेतनाबाट पनि सम्भव छ। नागरिकले अधिकारलाई कृपामा बदल्न नदिने संकल्प गर्नुपर्छ। सेवा माग्दा सिफारिस होइन, प्रक्रिया खोज्नुपर्छ। युवा पुस्ताले नेटवर्क-निर्भर राजनीति अस्वीकार गर्नुपर्छ। जब नागरिकले निर्भरताको संस्कार त्याग्छ, दलहरू पनि बदलिन बाध्य हुन्छन्।

अन्ततः जनताको असन्तोषको जरा केवल आर्थिक होइन, नैतिक हो। मानिसले विकासभन्दा पहिले सम्मान खोज्छ। सुविधाभन्दा पहिले निष्पक्षता खोज्छ। दलीय सामन्तवादले यही निष्पक्षता भत्काउँछ। त्यसैले यसलाई जनअसन्तोषको मुख्य कारण भन्नु दार्शनिक रूपमा उचित छ। जबसम्म नागरिकले आफूलाई बराबरीको अधिकार सम्पन्न व्यक्ति होइन, पहुँच-निर्भर सदस्यका रूपमा अनुभव गर्छ, तबसम्म असन्तोष रहिरहन्छ।

नेपालको भविष्य परियोजनाको मात्र प्रश्न होइन; संस्कारको प्रश्न हो। यदि हामीले सामन्तीय संस्कारलाई पराजित गर्न सक्यौं भने, लोकतन्त्र केवल संरचना होइन, जीवन्त अनुभव बन्न सक्छ। अन्यथा, तीन दशकको यात्रा केवल सत्ता परिवर्तनको इतिहास बन्नेछ, नागरिक सन्तोषको होइन। लोकतन्त्रको सार नागरिकको गरिमा हो। गरिमा सुरक्षित भयो भने विकासले अर्थ पाउँछ। गरिमा हरायो भने विकास पनि खाली देखिन्छ। त्यसैले आजको सबैभन्दा ठूलो राष्ट्रिय दायित्व दलीय सामन्तवादको अन्त्य र नागरिक सर्वोच्चताको पुनर्स्थापना हो।अपूबाट

# भानु माविका १४ जना विद्यार्थीलाई विशेष अवार्ड प्रदान

शिवगञ्ज, फागुन १२ । भानु माध्यमिक विद्यालयले २०८१ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा ए प्लस ग्रेड ल्याउन सफल १४ जना विद्यार्थीलाई विशेष अवार्ड प्रदान गरेको छ।

विद्यालयको ५८ औँ स्थापना दिवस तथा अभिभावक दिवसको अवसर पारेर आयोजित समारोहका बीच उत्कृष्ट नतिजा ल्याउने छात्र-छात्रालाई 'भानु मावि अवार्ड २०८१' प्रदान गरिएको हो।

समारोहका प्रमुख अतिथि शिवसताक्षी नगरपालिकाका प्रमुख मेगाहाङ थोप्राले अवार्ड



वितरण गर्दै सामुदायिक विद्यालयबाट उत्कृष्ट नतिजा ल्याउनु गौरवको विषय भएको बताए। उनले विद्यार्थीको सफलता विद्यालय प्रशासन, शिक्षक, अभिभावक र स्थानीय समुदायबीचको सहकार्यको परिणाम भएको उल्लेख गरे।

अवार्ड प्राप्त गर्ने विद्यार्थीहरूमा माला बस्नेत, नीतिका पौडेल, तपस्या पौडेल, अभय थापा, श्रीजल पौडेल, स्नेहा शाह, सौगात संग्रौला, श्रेया पौडेल, सेम तामाङ, चाँदनीकुमारी नायक, सुजल मिश्र, दिनबन्धु केसी, भुवन कडरिया र नुपमा प्रसाई रहेका छन्। यस्तै, २०८० सालको एसईई परीक्षामा सर्वाधिक जीपीए ल्याई नगर टप हुन सफल विद्यार्थी मिराक हाङ चेम्जोङ र प्रमिला उप्रेतीलाई पनि विशेष रूपमा सम्मान गरिएको विद्यालयले जनाएको छ।

कार्यक्रममा कक्षा १ देखि १२ सम्म अध्ययनरत विभिन्न तहका उत्कृष्ट विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको थियो। कक्षा १-५ तर्फ अनमोल चौहान र खुसी राईलाई स्वर्गीय भानुभक्त-टिकादेवी संग्रौला स्मृति छात्रवृत्ति, रितेश खनाल र अर्चना अधिकारीलाई टेकनाथ-भगीरथ मैनाली छात्रवृत्ति प्रदान गरियो। त्यसैगरी रोशन सिग्देल र आइशा इजमलाई भानुभक्त-टिकादेवी संग्रौला स्मृति छात्रवृत्ति तथा कुञ्जन अधिकारी र दिया अधिकारीलाई टेकनाथ-भगीरथ मैनाली छात्रवृत्ति प्रदान गरिएको छ।

कक्षा ९-१० तर्फ सुशान्त मैनाली र कञ्चन काफ्लेलाई स्वर्गीय भानुभक्त-टिकादेवी संग्रौला स्मृति छात्रवृत्ति तथा गणेश टुडु र सम्झना चौधरीलाई टेकनाथ-भगीरथ मैनाली छात्रवृत्ति प्रदान गरिएको छ। प्राविधिक धारतर्फ कक्षा ९-१० का अभय थापा र श्रेया पौडेल तथा कक्षा ११-१२ का सुरज आचार्य र रेखा नेपाललाई जितेन्द्रराज चेम्जोङ/तुङ्गवाङ्फे छात्रवृत्ति प्रदान गरिएको थियो। कक्षा ११-१२ का रुपेश ताजपुरिया, किन्जु समाल मगर, दुर्गा भण्डारी र मनु लिम्बूलाई मनकुमार इजम 'मुन्ना भाइ' स्मृति छात्रवृत्ति प्रदान गरिएको विद्यालयले जनाएको छ।

विद्यालयमा स्थापना गरिएका विभिन्न अक्षय कोषबाट प्राप्त ब्याजबाट छात्रवृत्ति वितरण गरिएको प्रधानाध्यापक डामकुमार कुँवरले जानकारी दिए। उनका अनुसार जितेन्द्रराज चेम्जोङ-सरस्वती तुङ्गवाङ्फे चेम्जोङ छात्रवृत्ति अक्षय कोषमा १ लाख ११ हजार १११ रुपैयाँ, स्वर्गीय भानुभक्त-टिकादेवी संग्रौला स्मृति छात्रवृत्ति कोषमा १ लाख ५५ हजार ११० रुपैयाँ, टेकनाथ-भगीरथ मैनाली छात्रवृत्ति कोषमा १ लाख १ हजार १११ रुपैयाँ तथा स्वर्गीय मनकुमार इजम 'मुन्ना भाइ' स्मृति अक्षय कोषमा १ लाख १ हजार रुपैयाँ सञ्चित रहेको छ।

कार्यक्रमका अवसरमा विद्यालयकी शिक्षिका भीमाकुमारी खत्रीद्वारा लिखित 'अदृश्य पीडा' नामक नाटक मञ्चन गरिएको थियो। पूजा चापागाईंको निर्देशनमा प्रस्तुत नाटकले विद्यालय उमेरका बालबालिकामा लागूऔषधको दुष्प्रभावबारे सशक्त सन्देश दिएको थियो। नाटकले धेरै अभिभावक तथा विद्यार्थीलाई भावुक बनाएको दर्शकले बताए ।

यसै अवसरमा विद्यालयमा नर्सिङ कक्षाको समेत उद्घाटन गरिएको छ। प्रमुख अतिथि नगर प्रमुख थोप्राले नर्सिङ कक्षाको उद्घाटन गर्दै विद्यालयले शैक्षिक गुणस्तर र पूर्वाधार विकासमा निरन्तर प्रगति गरिरहेको उल्लेख गरे।

कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष घनेन्द्र इजमको अध्यक्षतामा सम्पन्न भएको थियो भने सहायक प्रधानाध्यापक टिकाप्रसाद घिमिरेले स्वागत मन्तव्य राखेका थिए । विद्यालयका लेखा प्रमुख गणेश ढुंगेलले कार्यक्रम सञ्चालन गरेका थिए। पछिल्ला वर्षहरूमा पूर्वाधार विकास, शैक्षिक सुधार तथा समुदायसँगको सहकार्यका कारण भानु माध्यमिक विद्यालय शिवसताक्षी नगरपालिकाकै अब्बल सामुदायिक विद्यालयका रूपमा स्थापित हुँदै गएको अभिभावकले बताएका छन् ।

# चुनावको दिन पानी वा हिमपातको संकेत छैन

• बरुण पौडेल
(वरिष्ठ मौसमविद्, जल तथा मौसम विज्ञान विभाग)



हामीले निर्वाचन आयोगसँग पहिलेदेखि नै समन्वय गरिरहेका छौं। उहाँहरूले एक महिना अगाडि नै पूर्वानुमानसम्बन्धी रिपोर्ट माग्नुभएको थियो। जति लामो अवधिको पूर्वानुमान हुन्छ, त्यति नमिल्ने सम्भावना बढी हुन्छ। तैपनि हामीले दिन दिएका छौं र नियमित रूपमा नजिकबाट मनिटर गरिरहेका छौं। अहिले करिब ९ दिन बाँकी छ निर्वाचन आउन।

हाम्रो नियमित फोरकास्ट ३ देखि ५ दिनसम्मको हो। विशेष अवस्थामा ७ दिनसम्म पनि गर्छौं। अहिलेको अवस्थालाई हेर्दा यो साता, विशेषगरी सोमबारदेखि बिहीबारसम्म, पहाडी भूभाग, गण्डकी प्रदेश र कोशी प्रदेशका केही उच्च हिमाली क्षेत्रका एक-दुई स्थानमा हल्का वर्षा र हिमपातको सम्भावना देखिन्छ। तर, तराई क्षेत्रमा कुनै प्रभाव देखिएको छैन।

अर्को साताबाट, विशेषगरी निर्वाचन आसपासको समयमा भने मौसम सामान्यतया सफा रहने देखिन्छ। चुनावको दिनमा पानी पर्ने वा हिमपात हुने संकेत अहिलेसम्म देखिएको छैन। कुनै नयाँ सिस्टम विकास भयो भने बेग्लै कुरा हो, तर अहिलेको विश्लेषणअनुसार त्यस्तो अवस्था देखिएको छैन।

अहिले पश्चिमी वायुको प्रभाव छ। यो पश्चिमतिरबाट उपल्लो वायुमण्डलमार्फत प्रवेश गर्ने सिस्टम हो, जसले मुख्यतः हिमाली भूभागमा असर गर्छ। सामान्य हावा चल्दा ठूलो असर हुँदैन, तर जलवाष्प (मोइस्चर) ल्याउने प्रणाली सक्रिय भएमा मात्र वर्षा हुन्छ।

फागुन १५ पछि बिस्तारै प्रि-मनसुनको प्रभाव सुरु हुन्छ। त्यो बेला लोकल सिस्टम, हुरीबतास, चट्याङजस्ता गतिविधि बढ्न सक्छन्। अहिले हामी जाडोबाट गर्मीतर्फ सर्ने ट्रान्जिसन चरणमा छौं। तापक्रम विस्तारै बढ्दैछ, तर अझै दिनभरि अत्यधिक तात्ने अवस्था आएको छैन। त्यसैले तत्काल ठूलो हुरीबतास, चट्याङ वा भारी वर्षाको सम्भावना छैन।

निर्वाचनलाई लक्षित गरेर हामी विशेष मौसम बुलेटिन पनि निकाल्छौं। त्यसका लागि छुट्टै फर्म्याट तयार पारिन्छ, प्रदेश र पहाडी भूभागलाई लक्षित गरेर विवरण दिइन्छ। निर्वाचन नसकिँदासम्म नियमित रूपमा अद्यावधिक बुलेटिन जारी गर्छौं।अहिलेसम्मको समग्र विश्लेषणअनुसार निर्वाचन आसपासमा मौसम सफा नै रहने देखिन्छ। ठूलो झरी लगातार वर्षा वा व्यापक हिमपातको अवस्था देखिएको छैन।

# दुर्गा प्रसाईं रिहा

काठमाडौं । सर्वोच्च अदालतको आदेशले मेडिकल व्यवसायी दुर्गा प्रसाईंलाई रिहा भएका छन् । सर्वोच्च अदालतका न्यायाधीशहरू डा. मनोकुमार शर्मा र मेघराज पोखरेलको संयुक्त इजलासले प्रसाईंलाई रिहा गर्न आदेश दिएको थियो ।

प्रहरीले प्रसाईंलाई फागुन ४ गते पक्राउ गरेको थियो। प्रहरीले यसअघि पनि प्रसाईंलाई पटक पटक पक्राउ गर्दै आएको छ।



'जरूरी प्रकाउ पुर्जी समर्थनका लागि मुद्दा हेर्ने अधिकारी समक्ष मिति २०८२।११।०५ मा स्वीकृतिका लागि पेस गरेको पत्रमा समेत जरूरी प्रकाउ पुर्जी जारी गर्नु परेको कारण उल्लेख भएको देखिँदैन। मुद्दा हेर्ने अधिकारीले अनुमति दिँदा समेत कारणसहितको पर्चा खडा गरेको देखिँदैन। साथै, अनुसन्धान विषय बनाईएको निवेदक दुर्गा प्रसाद प्रसाईले हस्ताक्षर गरी मिति २०८२ । ११ ।०३ मा जारी गरेको प्रेस विज्ञप्तिबाट निवेदकलाई थुनामा नै राखी अनुसन्धान गर्नुपर्ने कसुर भई हाल्ने आसन्न खतराको अवस्था समेतको विद्यमानता नदेखिएको अवस्थामा निवेदकलाई प्रकाउ गरी म्याद थप गर्ने सम्बन्धमा भएका कार्यहरूलाई उचित कानूनी प्रकृयाको अनुसरण गरेको भनी मान्न मिल्ने देखिएन। निवेदकलाई थुनामा राखेको कार्य कानूनबमोजिम मान्न मिल्ने नदेखिई निवेदकको संविधानप्रदत् वैयक्तिक स्वतन्त्रताको हकमा गम्भीर आघात पुगेको देखिन आएकोले रिट निवेदक दुर्गा प्रसाद प्रसाईलाई अविलम्ब थुनामुक्त गर्नू भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिएको छ,' आदेशमा भनिएको छ।

## सुहाङको १६ महिना संसदमा
# सडक निर्माणदेखि चिया निर्यातसम्म जिम्मेवारी

इलाम ।इलाम-२ को उपनिर्वाचनमार्फत प्रतिनिधि सभामा प्रवेश गरेका सुहाङ नेम्बाङले छोटो समयमै आफूलाई परम्परागत राजनीतिभन्दा फरक, जिम्मेवार र युवामैत्री नेताका रूपमा स्थापित गरेका छन् । उपनिर्वाचनताका धेरैका मनमा प्रश्न र शङ्का थिए, के युवा उम्मेदवारले संसद्को जिम्मेवारी बोक्न सक्छ ? के उनी केवल पारिवारिक विरासतका कारण अगाडि आएका हुन् ? तर संसद् प्रवेश गरेपछि सुहाङ नेम्बाङका गतिविधि, अभिव्यक्ति र व्यवहारले ती शङ्काहरूलाई क्रमशः विश्वासमा रूपान्तरण गर्यो ।

संसद्लाई नाराबाजीको थलोभन्दा नीति निर्माण र जनताको आवाज उठाउने मञ्चका रूपमा बुझ्ने सुहाङ इलामको आवाज संसदमा प्रस्तुत गर्न कहिल्यै पछि हटेनन् । एम्बोस्ड नम्बर प्लेटको विवाद, आन्दोलनका क्रममा भएको गोली प्रहार र अश्रुग्याँस प्रयोगप्रति उनले संसदमा स्पष्ट र जिम्मेवार आवाज उठाए । प्राकृतिक विपद्, समस्या वा सङ्कटका घडीमा उनले औपचारिकता भन्दा मानवीय संवेदनालाई प्राथमिकता दिएका छन् । उनले इलामलाई संकटग्रस्त जिल्ला घोषणा गर्नेदेखि बजेट विनियोजनका लागि समेत महत्वपूर्ण भूमिका खेलेका छन ।

०७९ को प्रतिनिधिसभा निर्वाचनमा इलाम-२ मा संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङले ३० हजार २० मत प्राप्त गरी



विजयी बन्दा नेपाली काँग्रेसका उम्मेदवार डम्बर खड्काले २९ हजार ९०६ मत प्राप्त गरेका थिए । यस निर्वाचनमा नेकपा माओवादीले नेपाली कांग्रेसलाई सघाएको थियौ भने काँग्रेसभित्र गुटको राजनीति चलेको थियो । सुवासचन्द्र नेम्वाङको निधनपछि उमेद्धार बनेका सुहाङले ०८१ को उप-निर्वाचनमा २७ हजार ७७२ मत प्राप्त गर्दै विजयी बन्दा काँग्रेसका उम्मेदवार काँग्रेसका डम्बर खड्काले २१ हजार ९४२ मत ल्याएका थिए । उपनिर्वाचनमा माओवादीले नेकपा एमालेलाई सघाएको थियो भने कोशी नामकरण आन्दोलन पक्षधरका मुढा चुनाव चिन्हबाट डकेन्द्र थेगिमले ११ हजार ४४५ मत ल्याउँदा रास्वपाका मिलन लिम्बुले पाँच हजार ५० मत प्राप्त गरेका थिए ।

०७९ को प्रतिनिधिसभा निर्वाचनमा माओवादी काँग्रेस गठबन्धनमा हुँदो झिनो मतान्तरले सुवास नेम्बाङले चुनाव जितेका थिए भने उपनिर्वाचनमा सुहाङले पाँच हजार ८३० मतले विजयी बनेका थिए ।

यस पटक माओवादी र समाजवादी मिलेर बनेको नेपाली कम्युनिस्ट पार्टीले आफ्नै उम्मेदवार बनाएको छ भने नयाँ मतका लागि राष्ट्रिय परिवर्तन पार्टीले दिवस राईलाई मैदानमा उतारेको छ । यसले कसको धेरै मत काट्छ भन्ने आँकलन छैन । अहिले श्रम संस्कृति पार्टीले पनि मत काट्दै छ तर उपनिर्वाचनमा मुढामा गएको मत अहिले श्रम संस्कृति पार्टीमा थपघट हुने देखिन्छ । अन्य उम्मेदवारले पनि कति मत काट्ने हुन टुङ्गो छैन जसको कारण निर्वाचन भने निकै प्रतिस्पर्धात्मक देखिएको छ । उप निर्वाचनमा अन्य १५ जना उम्मेद्धारले दुई हजार २२० मत ल्याएका थिए । ०७९ को निर्वाचनमा एमालेले प्रत्यक्षमा ल्याएको ३० हजार २० मत र ०८१ को उप-निर्वाचनमा २७ हजार ७७२ मत हेर्दा माओवादी र एमाले गठबन्धन हुँदा भन्दा ०७९ मा एमाले एक्लै चुनाव लड्दा बढी मत आएको देखिन्छ । अहिले कुनै दलहरूको गठबन्धन नहुँदा कसको पल्ला भारी हुन्छ भन्ने आंकल गर्न सकिँदैन । यता २०४८ पछिका हरेक निर्वाचनमा इलाम-२ मा दोस्रो बन्दै आएको नेपाली काँग्रेस यस पटक इलाम-२ को चुनावी नतिजा हत्याउने दाउमा छ ।

इलाम क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएको १६ महिनामा सुहाङ नेम्बाङले सङ्घीय संसद्को शून्य समयमा इलामका विषय सशक्त रूपमा उठाएका छन् । प्रतिनिधि सभामा पहिलो पटक भाषण गर्दै इलामबाट निर्वाचित सांसदले आफ्नो व्यक्तिगत यात्रा र भावनालाई उजागर गरे । उनले शहीद रत्नकुमार बान्तवा, बमप्रसाद बान्तवा लगायत परिवर्तन र रूपान्तरणका आन्दोलनमा योगदान दिने ज्ञात-अज्ञात सबै शहीदप्रति श्रद्धाञ्जली अर्पण गरे । सांसदले विशेष गरी आफ्नो बुबा, संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङको योगदान सम्झँदै, "म यहाँ इलामेली जनताको कारण छु । उनले देखाएको मार्ग मेरो लागि प्रेरणा हो," भनेका थिए ।

उनले त्यस बेला आर्थिक वर्ष २०८१/०८२ को बजेटमा सांसदले सरकारको प्रयासको समर्थन गरे पनि कार्यान्वयनमा देखिएको ढिलाइ र गुणस्तरको कमीप्रति चिन्ता व्यक्त गरेका थिए । उनले विकासमा अवरोधको मुख्य कारण भ्रष्टाचार, संरचनागत कमजोरी, वा राजनीतिक अस्थिरता हो कि भन्ने प्रश्न राखेका थिए । सांसदले युवाहरूको आकाक्षा र परिवर्तनको चाहना प्रस्तुत गर्दै, बजेट र विकास योजनामा गुणस्तरीय, समयमै र प्रभावकारी कार्यान्वयन आवश्यक रहेको जोड दिएका थिए । उनले संसदमा सबै दल र नेताहरूलाई सहकार्य गर्न आह्वान गरेका थिए ।

संसदमा बोल्दै नेम्बाङले कालोपत्रे र पुल निर्माण समयमै सम्पन्न गर्न सम्बन्धित निकायलाई निर्देशन दिन सभामुख समक्ष माग गरे । उनले सडक निर्माणका लागि बजेट छुट्टाइए पनि काममा ढिलासुस्ती भइरहेको उल्लेख गर्दै ठेकेदार र जिम्मेवार निकायलाई कामप्रति उत्तरदायी बनाउनुपर्नेमा जोड दिए । केचना-कञ्चनजंघा, दमक-चिसापानी, नेपालटार-मङ्गलवारे, राँके-रबी-भेडेटार, राँके-गेडैजस्ता सडक आयोजनालाई उदाहरण दिँदै कामको गति बढाउन आग्रह गरेका थिए ।

इलाममा उत्पादन हुने कृषिजन्य वस्तुको निर्यातमा देखिएको समस्याले किसान चिन्तित बनेको उल्लेख गर्दै चिया निर्यातमा देखिएको अवरोध तत्काल समाधान गर्न सरकारसँग माग गरे । अन्तर्राष्ट्रिय बजारमा चियाको मूल्य घट्दा किसान प्रत्यक्ष मारमा परेको भन्दै उचित समाधान खोज्न सरकारलाई आग्रह गरे । शैक्षिक पूर्वाधार सुदृढीकरण, आधुनिक पाठ्यक्रम सुधार र उच्च शिक्षाको पहुँच विस्तार गर्न जोड दिँदै भविष्यका पुस्तालाई प्रतिस्पर्धी बनाउन दीर्घकालीन योजना आवश्यक रहेको धारणा राखे । स्वास्थ्यको सन्दर्भमा इलाम जिल्ला अस्पतालमा विशेषज्ञ चिकित्सकको दरबन्दी रिक्त रहेको र अस्पताल भवन जीर्ण अवस्थामा रहेको उल्लेख गर्दै दरबन्दी पूर्ति तथा नयाँ भवन निर्माणको लागी सरकारसँग माग गरे । एम्बोस्ड नम्बर प्लेट तत्काल कार्यान्वयन गर्न समस्या हुने भन्दै यसलाई अझै अध्ययन नगरी प्रक्रिया अघि नबढाउन सरकारलाई आग्रह गरे ।

# निर्वाचनमा तीन दिन सार्वजनिक बिदा



काठमाडौँ, फागुन १२ । सरकारले यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा तीन दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ ।

सिंहदरबारमा मंगलवार बसेको मन्त्रिपरिषद् बैठकले फागुन २०, २१ र २२ गते सार्वजनिक बिदा दिने निर्णय गरेको सरकारका प्रवक्ता एवं गृहमन्त्री ओमप्रकाश अर्यालले जानकारी दिए।

निर्वाचन आयोगको सिफारिसअनुसार सरकारले तीन दिन बिदा दिने निर्णय गरेको हो ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

**वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :**

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ। स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ। लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। आकस्मिक धन लाभ हुनेछ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ। तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन्।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला। कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन्।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ। वैदेशिक कार्य पनि अघि बढ्नेछ।

**मिन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ